# सामाजिक लेखाजोखा

**प्रतिवेदन**
**१४ भदौ २०६६**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**सामाजिक लेखाजोखा** : १४ भदौ २०६६

**सर्वाधिकार** : प्रकाशकमा सुरक्षित
**प्रकाशन मिति** : पौष, २०६६
**प्रकाशन प्रति** : पाँच सय
प्रकाशक : **सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
फोन नं : ०१-४३६०४८६
E-mail: landrights@csrcnepal.org

## प्रकाशकीय

### हामी निरन्तर गर्छौं.......

*...अरुले जसरी आफुलाई हेरेका हुन्छन, त्यसरी नै आफुले आफुलाई नै देख्नु राम्रो हो । तर हामी आफुले आफैंलाई कहिल्यै पनि पुर्णत हेर्न सक्दैनौं, विशेषत आफ्ना कमजोरी र नकरात्मक पक्ष हामी आफैं कम देख्दछौं । तर हामी अरुले औंल्याएका कमजोरी र आलोचनात्मक पक्षलाई खुला दिलले आत्मसाथ गर्न सक्छौं, जसले हामीलाई राम्रो गर्दछÚ .*

***–महात्मा गान्धी***

पारदर्शिता र जवाफदेहिता व्यक्ति र संस्थाको सामाजिक छवि र प्रतिष्ठाको आधार हो । यसैले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गत तीन वर्षदेखी नियमित रुपमा सामाजिक लेखाजोखाको अभ्यास गर्दै आएको छ । यसलाई अझ समुदाय तहदेखी नै बलियो बनाउँदै ल्याउने प्रयासमा लागिरहेको छ ।

सामाजिक लेखाजोखा, संस्थाले गरेका काम र काममा उपयोग भएको बजेट, कार्यक्रमले समेटेका अधिकारग्रही समुदाय, सहयोगी, शुभचिन्तक, सबैलाई सुनाउने र उनीहरुले केन्द्रलाई हेर्ने हेराई थाहा पाउने महत्वपूर्ण अवसर बनेको छ । यसले हाम्रा काम, संस्थागत व्यवस्थापन र व्यवहारलाई प्रभावकारी बनाउन सहयोग पुगेकाले सामाजिक लेखाजोखालाई हामी निरन्तर गर्दै जाने छौं । यो पुस्तिका २०६६ सालको सामाजिक लेखाजोखाको अभिलेखन हो जहाँ हाम्रा अधिकारग्रही समुदाय र कामसँग सम्बन्धित प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हेरिरहनुभएका सबैजसो नै सरोकारवालाहरु हुनुहुन्थ्यो ।

आगामी दिनमा भूमिसुधारलाई गरीब जनताका पक्षमा सार्थक तुल्याउन र भूमिअधिकारको आन्दोलनलाई गरीबजनताको आन्दोलन बनाउन यहाँहरुको आलोचनात्मक सहयोग र समर्थन रहने आशा राख्दछौं ।

*रुपान्तरणको हरेक प्रक्रियामा अधिकारबाट बञ्चित समुदाय स्वंयनै पुर्णत क्रियासिल भएको हुनुपर्दछ । र यस्तो प्रक्रियामा निरन्तर आलोचनात्मक चेतनाकरण र कर्ताकै भूमिका स्वंय उत्पिडितको हुन आवस्यक छ ।*

***- पाउलो फ्रेरे***

जय भूमिअधिकार Û

**सामुदायिक आत्मनिर्भर केन्द्र**
**धापासी, काठमाण्डौं**

# सामाजिक लेखाजोखा १४ भदौ, २०६६

## शशिकला दाहाल, कार्यबाहक अध्यक्ष - आत्मनिर्भर केन्द्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २०५१ सालदेखि भूमिहीन, मोही एवम् गरीब किसानको अधिकारका लागि काम गर्दै आइरहेको छ । यसै सन्दर्भमा विभिन्न संघ-संस्था र सङ्गठनसँग सहकार्य गर्दै भूमिअधिकार मुद्दालाई राष्ट्रिय आन्दोलनका रुपमा विकास गर्न संस्था सक्षम भएको छ । यो धेरै व्यक्ति तथा संस्था/सङ्गठनको सहयोगबाट भएको हो ।



हामीले वार्षिकरुपमा सामाजिक लेखाजोखा गर्दै आएका छौं । यस वर्षबाट भूमि तथा कृषि सुधारसम्बन्धी ५ वर्षे रणनीति पनि लागू गरिएको छ । आगामी दिनमा कसरी अगाडि बढ्नुपर्छ ? भन्ने विषयमा सुझाव प्राप्त हुने अपेक्षा राखेका छौं । हाम्रो निम्तोलाई स्वीकारेर पाल्नुहुने सबैलाई स्वागत गर्दै म बिदा हुन्छु । जय भूमि ।





## जगत बस्नेत, कार्यकारी निर्देशक

आजको कार्यक्रममा धेरै सुन्ने, थोरै आफ्ना कुरा भन्ने र पृष्ठपोषण लिने सोचेका छौं । भूमिअधिकार मानवअधिकारको विषय हो । देशलाई समुन्नत बनाउने सवालमा धेरै व्यक्ति, सङ्घ-संस्था र यसबाट पीडितहरु स्वयम्ले यस आन्दोलनमा सघाइरहनुभएको छ । उहाँहरुलाई संस्थाको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

भूमिमा जसले श्रम गर्छ, उत्पादन गर्छ, ऊ नै कुपोषणको शिकार बन्ने गरेको छ । उत्पादन अर्कै मान्छेले खाइदिन्छ । यस हिसाबको अन्यायपूर्ण शक्ति सम्बन्धलाई निमिट्यान्न पार्ने प्रयास हो- भूमिअधिकार आन्दोलन । पीडितलाई सङ्गठित गर्ने, सचेत गर्ने र अधिकारको सङ्घर्षमा सहभागी गराउने प्रक्रियामा हामी लागिरहेका छौं । हामीले आजको ख्याउटे, दुःखी र भोको किसान होइन, एउटा सम्पन्न, सुखी र स्वतन्त्र किसान देख्न चाहेका छौं ।

भूमि अरु सम्पत्तिभन्दा विशेष प्रकारको सम्पत्ति हो । यो उत्पादनको साधन र प्राकृतिक स्रोत हो । यसलाई सीमित व्यक्तिको स्वार्थमा प्रयोग गर्न दिनुहुँदैन । न्यायोचित वितरण गरेर यसको उत्पादनको हिस्सा पनि सबैमा जानुपर्छ । हलो जोताउनेहरु ठूला-ठूला पदमा पुगेका छन् तर जो हलो जोतिरहेका छन्, ती जहाँका तहीं छन् । तिनीहरु अलिकति पनि माथि आउन सकेका छैनन् ।

भूमिसुधारलाई हामीले राजनीतिक, आर्थिक र सांस्कृतिक लोकतान्त्रीकरणको सवालका रुपमा लिएका छौं । हामीले सिन्धुपाल्चोकको दुई गाविसबाट ०५१ सालमा सुरु गरेको आन्दोलन अहिले ४२ जिल्लामा विस्तार भएको छ । यसको छुट्टै मौलिक पहिचान छ । पीडित आफैंले अगुवाई गरिरहेका छन् । र, हामीले सघाइरहेका छौं । यो प्रक्रियामा हामीलाई पनि थुप्रैले सघाइरहनुभएको छ । पीडितहरुबाटै कार्यकर्ता निर्माण गरेका छौं । हामी स्थानीय कार्यकर्ता तयार गरेर स्थानीय स्रोत समेत परिचालन गरेर अगाडि बढिरहेका छौं ।

भूमिसुधारको मुद्दा फराकिलो बन्दै गइरहेको छ । यो मानवअधिकारको सवाल बन्दै गइरहेको छ । आन्दोलनले जुन राजनीतिक हैसियत र चिनारी पाउनुपर्ने हो, त्यो पाउन भने अझै बाँकी छ ।

हाम्रो पहिलो काम जनसङ्गठन निर्माण, सुदृढीकरण र परिचालन, अगुवा कार्यकर्ताको निर्माण, क्षमता अभिवृद्धि र स्थानीय आन्दोलनलाई कसरी दिगो बनाउन सकिन्छ भन्ने नै हो । यही आधारमा हामीले काम गरिरहेका छौं । दोश्रो, राज्यलाई भूमिसुधारका मुद्दामा गम्भीर बनाउन निरन्तर संवाद र बहस गरिराखेका छौं ।

भूमिसुधारलाई नमूनाका रुपमा देखाउन १६ जिल्लाका १६ गाविसमा अध्ययन गरेर स्थानीय तहबाटै भूमिको खाका तयार गर्ने क्रममा हामी अगाडि बढिरहेका छौं । अधिकार हनन्का घटनाको प्रतिरोध, अधिकार दाबीमा सहयोग गर्ने काम गरिरहेका छौं । जसअन्तर्गत अहिलेसम्म झण्डै २१ हजार परिवारले जमिनको लालपूर्जा पाइसक्नुभएको छ र उनीहरुको एक हदसम्म जीविका सुधार भएको महसुस गरेका छौ ।

तेश्रो, द्विपक्षीय दाताहरुको भूमिनीतिमा आलोचनात्मक भएर विश्लेशण गरेर मात्र सकारात्मक सहयोग र समुदायलाई सचेत गर्ने । चौथो, आन्दोलनबाट सिक्ने, आदानप्रदान गर्ने, सबैको आन्दोलन र सवाल बनाउने । पाँचौ, भूमिमा महिलाको सवाल न्याय र मानवअधिकारका सवालका रुपमा स्थापित गर्ने हो ।

## आत्मनिर्भर केन्द्रको भूमिअधिकारबारे बुझाई

- भूमिअधिकारबाट वञ्चित भएकै कारण गरीबहरु अपहेलित, शोषित र आधारभूत अधिकारबाट वञ्चित छन् ।
- भूमि उत्पादनको साधन हो । खेती गर्नेको पहुँच र नियन्त्रणमा हुनुपर्दछ ।
- भूमि सम्बन्धमा फेरबदल नल्याई ग्रामीण समाजमा दिगो रुपान्तरण असम्भव छ ।





- भू-सम्बन्ध परिवर्तन गर्दा उत्पादकत्व वृद्धि र सामाजिक न्यायलाई एकैसाथ (वितरण र वैज्ञानिक उपयोग) अगाडि लैजाने सोच्नुपर्दछ ।
- नेपाली समाजको समग्र लोकतान्त्रीकरण गर्न जनमुखी भूमिव्यवस्था अपरिहार्य छ ।

## भूमिअधिकार आन्दोलन, अवस्था

- आन्दोलनलाई देशव्यापी बनाउन अभ्यास
- आन्दोलनको अगुवाई गर्न सङ्गठन
- पीडित र कार्यकर्तामा प्रष्ट लक्ष्य र प्रतिबद्धता
- आन्दोलनको मुद्दा, पीडितको सङ्गठित हुने क्रम, सहयोगीको घेरा फराकिलो बन्दै
- आन्दोलनले राष्ट्रिय चिनारी पाए पनि अझै बलियो बन्न बाँकी

## हामी सँगै छौं....

सहयात्री संस्थाहरु - सिएसडिआर, स्वान, जनचेतना दलित सङ्गम, अभियान नेपाल, ग्रामीण विकास समाज, सिडिइसिएफ, किसान अधिकारका लागि सहयोगी समूह ............



| हाम्रा प्रयास | नीतिगत तहका प्रयास |
|---|---|
| - जनसङ्गठन निर्माण, सुदृढीकरण र परिचालन<br>- अगुवा र कार्यकर्ताको निर्माण, क्षमता अभिवृद्धि<br>- राज्यलाई जवाफदेही बनाउन निरन्तर संवाद र दबाब<br>- वैकल्पिक जनमुखी भूमिव्यवस्थाको ढाँचामा बहस<br>- अधिकार हनन्का घटनाको प्रतिरोध, अधिकार दाबीमा सहयोग<br>- अधिकारका लागि विभिन्न जनअभियान<br>- वकालतीय सामग्री उत्पादन, अध्ययन/अनुसन्धान | - संविधानमा भूमिअधिकार स्थापितका लागि अभियान<br>- राष्ट्रिय धर्नामा सहयोग<br>- भूमिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन<br>- नियमित भेटघाट, लबिङ, नीतिगत निगरानी<br>- १६ जिल्लाको १६ गाविसको भूमि सम्बन्ध अध्ययन<br>- भियतनाम अध्ययन भ्रमण<br>- उच्चस्तरीय भूमि आयोगसँग आलोचनात्मक सहकार्य<br>- प्रकाशन तथा वकालतीय सामग्री उत्पादन<br>- परिवेश विश्लेषण, पैरवी योजना र कार्यान्वयन<br>- जनसङ्गठन निर्माण र परिचालन<br>- भूमिसुधारको सामुदायिक अभ्यास<br>- अधिकारका लागि विभिन्न अभियान |

| उपलब्धि | उपलब्धि - तथ्याङ्कमा |
|---|---|
| - कमजोर वर्गको सङ्गठन, शक्ति रुपान्तरणको अभ्यास<br>- जग्गाको स्वामित्व हस्तान्तरण र अवस्थामा हेरफेर<br>- वैकल्पिक जनमुखी भूमि व्यवस्थामा बहस, छलफल, सचेतना | - ३९ परिवारले मोहियानी हकवापत ४०३ विगाहा जग्गा प्राप्ति<br>- ४ जिल्ला सङ्गठन, ३०६ गाउँ सङ्गठन र ८२६३ सदस्य |





| | |
|---|---|
| - नीतिगत परिवर्तन (योजना, भूमि नीति, गुठी, महिलामा भूमि,.)<br>- अनुभव, सिकाई, ज्ञान र विचार निर्माण | सङ्गठित<br>- ५ वर्षे रणनीति तयार र कार्यान्वयन<br>- ११५ जनमुखी सिकाई केन्द्रमा ३८१२ सहभागी संवादमा |

| चुनौती | अबको प्राथमिकता |
|---|---|
| - भूमिसुधारको बजारमुखी ढाँचा लाद्ने खतरा<br>- छिनछिनमा बदलिने सरकार<br>- जनसङ्गठनको दिगोपना र लोकतान्त्रीकरण<br>- वञ्चितबाहेकमा बहस र सचेतनाको घेरा<br>- एकोहोरो र माथिको योजनामा केन्द्रित हुने खतरा | - जनसङ्गठन निर्माण, सदृढीकरण र परिचालन<br>- आफैं, अगुवा र कार्यकर्ताको क्षमता अभिवृद्धि<br>- नीति र संस्थागत पुनर्संरचना (संविधानमा भूमि, नयाँ भूमि नीति, भूमि आयोग)<br>- जनमुखी भूमि व्यवस्थाबारे बहस, स्थानीय परिचालन, स्थानीय अभ्यास |

## भूमिअधिकार आन्दोलन, २०६५/०६६ का मुख्य उपलब्धि

### १. प्रारम्भ :

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, आधारभूत मानवीय अधिकारबाट वञ्चित समुदाय विशेषत भूमिहीन, मोही, हलिया, हरुवा-चरुवा, मुक्त कमैया र कृषि श्रमिकको सामाजिक न्याय, समुन्नति र स्वतन्त्रताका लागि २०४९ सालदेखि निरन्तर क्रियाशील छ।

सामाजिक रुपान्तरणका लागि कार्यरत् सङघ/संस्था, भूमिअधिकारबाट वञ्चितहरुको सङ्गठन र अन्य सरोकारवालाको सहकार्यमा जारी भूमिअधिकार आन्दोलनबाट भूमिको असमान वितरण र अवैज्ञानिक

व्यवस्थापनका कारण सिर्जित शक्तिबिहीनता, गरिबी, शोषण, आर्थिक विपन्नता र अन्याय कम गर्न केही हदसम्म योगदान पुगेको छ । यसले भूमिसुधारलाई फराकिलो आयामबाट बुझ्न र बहसमा ल्याउन सघाएको महसुस भएको छ ।

भूमिअधिकारको आन्दोलनले लिएको समग्र लक्ष्य र उद्देश्य पूरा हुन अझ धेरै सङ्घर्ष अवश्य चाहिन्छ तर यसबीचमा पनि केही महत्वपूर्ण उपलब्धि देखिने गरी भएका छन् । तीमध्येका यस वर्षका केही उपलब्धि यसप्रकार छन् :

## २. उपलब्धि :

२.१ ९३९ मोही परिवारले मोहियानी हकवापत कमाइरहेकोमध्ये आधा जग्गााको हक लिएका छन् । पाएको जग्गाको क्षेत्रफल ४०३ विगाह छ । जग्गा पाउनेमा १९५ महिला र १२७ दलित छन् । पाएको जग्गाको क्षेत्रफल क्रमशः ८२ र ५४ विगाह हुन आउँछ । जग्गा पाएका परिवारको जीविका र सामाजिक तथा आर्थिक हैसियतमा परिवर्तन आएको संस्थाले सन् २००८ मा गरेको प्रभाव अध्ययनले देखाएको छ ।

२.२ यस वर्ष राष्ट्रिय भूमिअधिकार मञ्चको ४ जिल्ला सङ्गठन र ३०६ गाउँ मञ्च निर्माण भएका छन् । यी गाउँ मञ्चमा ८२६३ सदस्य सङ्गठित छन् । यसमध्ये १७९ सङ्गठनले ४२०,९६१ रुपैयाँ आन्दोलन कोष जम्मा गरेका छन् । यी सङ्गठन आफ्नो परिवेश र अधिकारबारे नियमित छलफल तथा अधिकार दाबीका लागि जुटिरहेका छन् । भूमिअधिकारबाट वञ्चितहरुको सङ्गठन नै गरीबहरुको शक्तिका रुपमा विकास हुँदै आएको छ ।

२.३ भूमिको वैज्ञानिक व्यवस्थापन र प्रयोगबाट अकल्पनीय विकास गरेका देशमध्ये भियतनाम पनि एक हो । भूमिसुधारबारे यही परिवर्तन बुझ्न (२३-२७ फेब्रुअरी २००९) ११ सदस्यीय





नेपाली टोली भियतनाम गएको थियो । टोलीमा संविधानसभाका उपसभामुख, उच्चस्तरीय भूमिसुधार आयोगका अध्यक्ष, नेपाली कङ्ग्रेसका प्रमुख सचेतक, नेकपा एमालेका स्थायी समिति सदस्य, मधेसी जनअधिकार फोरमका प्रवक्ता, राष्ट्रिय महिला आयोगका अध्यक्षलगायत् हुनुहुन्थ्यो । भ्रमणले भूमिसुधार गर्दा राष्ट्रले कसरी उन्नति गर्न सक्छ भन्ने प्रष्टता बढेको छ । भू-वितरण र उपयोगका विषयमा प्राप्त सिकाई नेपालको भूमिसुधारमा पक्कै उपयोगी हुनेछन् ।

२.४ २०६६ वैसाख ८ देखि ११ सम्म ४ दिने अन्तर्राष्ट्रिय भूमि सम्मेलन काठमाडौंमा सम्पन्न भएको छ । सम्मेलनमा ४३ देशका ३ सयभन्दा बढी नीति निर्माता, अन्तर्राष्ट्रिय सहयोगी संस्था, भूमिअधिकारकर्मी, भूमिअधिकारबाट वञ्चित, विज्ञ, सरकारी तथा गैरसरकारी अधिकारी, किसान नेताको सहभागिता थियो । यसबाट नेपालको भूमिअधिकार आन्दोलन राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रको चासो र सरोकार बनेको छ । सम्मेलनबाट भूमिसुधारका क्षेत्रमा अरु देशमा भएका असल अभ्यासबाट सिक्ने र नेपालले राज्य पुनर्संरचनाको समयमा उठाउन लागेका कदमबारे जानकारी गराउने अवसर प्राप्त भयो । सम्मेलनले नेपालको शान्तिको प्रतिफल सुनिश्चित गर्न, सङ्क्रमणकाललाई सहज व्यवस्थापन गर्न र राज्य निर्माण आधारशीलाका लागि भूमिसुधार जरुरी रहेको निष्कर्ष निकाली नेपाललाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता गरेको छ । सम्मेलनको उद्घाटन तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले गर्दै जमिनको न्यायिक र समान वितरण नभएसम्म दिगो शान्ति र समुन्नत नेपाल कल्पनामात्र हुने बताउनुभएको थियो ।

२.५ भूमिसम्बन्धी यथार्थ परिवेश के छ ? भूमिसुधारका वास्तविकता र जटिलता के हुन् ? नेपालको सन्दर्भमा भूमिसुधार कस्तो र कसरी जस्ता प्रश्नको सही विश्लेषण र छिनोफानोका लागि यथार्थ परिवेशको आवश्यकता पूरा गर्न

१६ जिल्लाका छानिएका १६ गाविसमा जमिनको अवस्था, उपयोग र भूमि श्रम सम्बन्धबारे विस्तृत अध्ययन सम्पन्न भएको छ । साथै प्रत्येक गाउँ टोलमा भूमिअधिकारबाट वञ्चितहरु आफ्नै अवस्थाको अध्ययन गर्ने, विश्लेषण गर्ने आदि काममा जुटेका छन् । यसले भूमिसुधारलाई वास्तविकतातिर लैजान र तथ्यमा आधारित बहस र नीति निर्माणमा मद्दत गर्नेछ ।

२.६ २०६५ मङ्सिरमा राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालको नेतृत्वमा काठमाडौंको टुँडिखेलमा भएको धर्ना, लगातारका नीतिगत बहस एवम् सम्वादपछि मञ्च र सरकारबीच सहमति भई उच्चस्तरीय भूमिसुधार आयोग गठन भएको छ । जसमा भूमि आन्दोलनका नेतृत्व तहका व्यक्तिको पनि सहभागिता छ । जुन भूमि आन्दोलनको एउटा माग थियो ।

२.७ फोरदम ल स्कुल, न्युयोर्कका प्रोफेसर तथा विद्यार्थीको समूहले नेपालका ६ जिल्ला डडेलधुरा, कैलाली, बाँके, दाङ, रुपन्देही र नवलपरासीको ३ समूहमा भूमिअधिकार अवस्थाको यथार्थ अध्ययन गरेका छन् । यस अवधिमा सयभन्दा बढी घटना अभिलेखन भएको छ । यो विषयमा स्कुलले नेपाल सरकार, मानवअधिकारवादी सङ्घ/सङ्गठन र संयुक्त राष्ट्र सङ्घमा प्रतिवेदन पेश गर्ने र छलफल गर्ने कार्यक्रम छ ।

२.८ भूमिअधिकार आन्दोलनको ५ वर्षे रणनीति तयार गरी सोहीअनुरुप भूमिअधिकार आन्दोलन अगाडि बढाइएको छ । साथै भूमिअधिकार आन्दोलनको अहिलेसम्मको अवस्था, ५ वर्षमा पूरा गर्ने लक्ष्य र कार्यपद्धति किटानी गरिएको छ ।

२.९ राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालका राष्ट्रिय, जिल्ला र गाउँ सङ्गठनका अगुवा एवम् पदाधिकारीको क्षमता अभिवृद्धिमा नियमित काम भइरहेको छ । प्रत्येक जिल्ला मञ्चको





कार्ययोजना बनेको छ । राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल राष्ट्रिय निर्देशक ऐन २०१८ अनुसार दर्ता भएको छ ।

२.१० ७६ जना अभियानकर्ता र १७ जना पूर्णकालीन कार्यकर्ता नियमित सङ्गठनको छलफल, योजना निर्माण र कार्यान्वयन आदि कार्यमा नियमितरुपमा क्रियाशील छन् । यी प्रत्येकले १० सङ्गठनको परिवेश विश्लेषण, ३/३ सङ्गठनमा जनमुखी शिक्षा केन्द्र सञ्चालन, नियमित छलफल, सवालमा पैरवी योजना र कार्यान्वयनमा सहयोग गर्दै आइरहेका छन् । यसबाट आधारभूत तहमा अधिकारका विषयमा बहस र पैरवीका अभियान स्वतःस्फूर्त भइरहेका छन् । हाल ११५ जनमुखी सिकाई केन्द्रमा ३८१२ भूमिअधिकारबाट वञ्चित सहभागी छन् ।

२.११ प्रत्येक हप्तामा साप्ताहिक अपडेट, मासिक इ बुलेटिन, त्रैमासिक भूमिअधिकार पत्रिका, अर्धवार्षिक ल्याण्ड फस्ट जर्नल, विभिन्न सवालमा सवालगत पुस्तिका, अध्ययन प्रतिवेदन ... आदि प्रकाशनबाट भूमिअधिकारका मुद्दामा बहस बढाउन, जनमत निर्माण गर्न, भूमिसम्बन्धी सूचना अभिलेखन गर्न मद्दत पुगेको छ ।

२.१२ मोही बेदखली, वन कार्यालयको ज्यादति, बस्ती उठाउने ठूलाबडाको चाल आदि भूमिअधिकार हननका दर्जनौं घटनाको सङ्गठित प्रतिरोध गरिएको छ । यसबाट बेदखलीमा परेका केही किसानले पुनः जग्गा कमाउन पाउने अवस्था बन्यो । अधिकार हननका घटनाविरुद्ध शिविर, भेला, सभा, पैदल एवम् साइकल यात्रा, डेलिगेशन, पत्रकार सम्मेलन आदि कार्य गरी प्रतिरोध र अधिकारका विषयमा सचेतना बढाउने काम भएको छ ।

२.१३ भूमिसुधारबारे बहस, त्यसले अगाडि ल्याएका व्यावहारिक सोचाइलाई कसरी व्यवहारमा उतार्न सम्भव हुन्छ ? भन्ने

विषयमा समुदायमा अभ्यास पनि गर्ने सोचले सामुदायिक भूमिसुधार अभ्यासको थालनी नेपालका ५ जिल्लाका ५ गाविसमा थालिएको छ । यसले तलबाट भूमिसुधार सम्भव छ भन्ने कुरालाई अगाडि बढाइरहेको छ ।

२.१४ नेपाल नयाँ संविधान निर्माण प्रक्रियाबाट गुज्रिरहेको अवस्थामा अहिले भूमिसुधारको बहसको केन्द्र संविधानसभा बन्न पुगेको छ । भूमिअधिकारको आन्दोलनका तर्फबाट समुदायतहदेखी नीतिगततहसम्म गरिएका छलफल, बहस, भेटघाट, सञ्चार परिचालन, अडानको लिखित प्रस्तुति आदिबाट यतिखेर जमिनलाई व्यक्तिको निजी सम्पत्ति मान्ने वा उत्पादनको साधन, जमिनमा हदबन्दी लगाएपछि सोमाथिको क्षतिपूर्ति दिने वा नदिने विषयमा प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समितिमा बहस तथा छलफल भइरहेका छन् । आन्दोलनले भूमिको पुनर्वितरण गर्न न्यायिक हदबन्दी तोकी त्यसभन्दा बढीको जग्गाको क्षतिपूर्ति दिन नहुने विषयमा अडान राख्दै आएको छ ।

२.१५ संविधानमा भूमिको मुद्दा, भूमिसुधार आयोगका कार्यक्षेत्राधिकार, भूमिमा महिला अधिनत्व आदि विषयमा नीतिगत तहमा नियमित छलफल तथा अन्तर्क्रिया भएका छन् । यसले भूमिसुधारको मुद्दालाई राष्ट्रिय बहसमा ल्याउन र यस मुद्दामा दल तथा सरकारी अधिकारीलाई सोच्न, आफ्ना विचार बाहिर ल्याउन उत्प्रेरित गरेको छ ।

२.१६ समुदाय तहमा हकदाबी र भूमिसुधारको सवाललाई सामाजिक न्याय, आर्थिक रुपान्तरण र मानवअधिकारको सवाल बनेर गइरहेको छ भने यसलाई सँगसँगै नीतिगत बहसमा जोड्ने र नेपालमा कस्तो भूमिसुधार गर्ने भन्ने विषयको बहस सबै क्षेत्रमा बाक्लिँदै गएको छ । यसले आन्दोलन-आन्दोलन, संस्था-संस्था तथा सरकारबीच





सहजीकरण गरिरहेका संस्थाबीचको सम्बन्ध पनि बाक्लिएको छ ।

२.१७ आन्दोलनकै परिणामस्वरुप गाविस, जिविसले पनि भूमिअधिकार मञ्चलाई बजेट छुट्टाउने र अरु गैससमसँग पनि मञ्चको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने थालनी भएको छ । भूमिअधिकारबाट वञ्चितहरुको साझा सङ्गठन राष्ट्रिय भूमिअधिकार मञ्चलाई साझा सङ्गठनका रुपमा हेरिन थालेको छ ।

## ३. सिकाई :

३.१ सामुदायिक आत्मनिर्भर केन्द्र १५ वर्षदेखि भूमिसुधारका लागि पीडितलाई सचेतीकरण र देशव्यापी पीडितको सङ्गठन निर्माण तथा भूमिसुधारलाई सामाजिक न्याय, आर्थिक विकास र गरिबी निवारणको मूल आधार बनाउन सफल छ । तर राजनीतिक र सरकारको प्रतिबद्धताविना जे कुरा स्वीकार गरिएको छ, त्यो व्यवहारमा आउन सकेको छैन । कार्यान्वयनका लागि नीतिगत व्यवस्था, प्रतिबद्ध सरकार र राजनीतिक प्रतिबद्धता आवश्यक छ ।

३.२ भूमिअधिकार आन्दोलनलाई दिगोरुपमा अगाडि बढाउन स्थानीय अभियानकर्मी र अगुवा निर्माण र परिचालनमा ध्यान दिनुपर्ने, भूमिअधिकारकर्मीलगायत् वञ्चितहरु आफैंले स्रोत खोजी र परिचालन गर्नुपर्ने, सानातिना धेरै आन्दोलनका क्रियाकलाप गर्नुभन्दा ठूला तर मुख्य आन्दोलन हुनुपर्ने देखिन्छ ।

३.३ भूमिसुधारका लागि स्थानीय परिवेश विश्लेषण र खाका निर्माणको कामले सवाल र आन्दोलनलाई गहिर्याउन सघायो । तलबाट भूमिसुधारको महत्व र महसुसीकरण बढायो । विभिन्न व्यावहारिक उपाय स्वयम् समुदायले सुझाए । यसले

भौतिक स्रोतमात्र हैन, विचार पनि थैलामा ल्याएर दिए हुन्थ्यो भन्ने मानसिकता कम गऱ्यो ।

## ४. चुनौती :

४.१ आत्मनिर्भर केन्द्रले अपनाएको नयाँ रणनीतिबारे सबैलाई बुझाउन र स्रोत संस्था र केन्द्रलाई सोको कार्यान्वयन गर्न सक्ने बनाउन निकै नै मेहनत गर्नुपर्ने देखिन्छ । देशभर छरिएर रहेका जनशक्ति सही र व्यवस्थित परिचालन चुनौतीपूर्ण बनेको छ ।

४.२ छिनछिनमा बदलिने सरकार र साना दलले भूमिसुधार तथा व्यवस्था मन्त्रालयको जिम्मा पाउने परिपाटी भएकाले यस्तो परिस्थितिमा भूमिसुधारको काम गाह्रो हुँदै जानेछ ।

४.३ जनसङ्गठनको दिगोपना र लोकतान्त्रिकीकरण, वञ्चितबाहेकमा बहस र सचेतनाको घेरा अन्य चुनौती हुन् ।

## परिमाणात्मक प्रगति प्रतिवेदन

| विवरण | इकाई | वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २००७ सम्म | २००८ | जनवरी-जुन, २००९ | जम्मा |
| १. जनसङ्गठन | | | | | |
| १.१ प्रारम्भिक जनसङ्गठन | सङ्गठन | १२११ | ११७ | ३०६ | १६३४ |
| १.२ जिल्ला जनसङ्गठन | सङ्गठन | २८ | १२ | १ | ४१ |
| १.३ जनसङ्गठनमा सङ्गठित सदस्य | जना | ४८१३३ | २९०२ | ८२६३ | ५९२९८ |
| १.४ | घरधुरी | १७७२२१ | ५११५१ | १२७८२ | २४११५४ |





| | | | | | |
|---|---|---|---|---|---|
| भूमिअधिकारबाट वञ्चितहरुको सचेतीकरण | जना | १६२०१३४ | ३५५४०० | २३०४० | १९९८५७४ |
| २. नेतृत्व विकास | | | | | |
| २.१ अभियानकर्ता निर्माण तथा परिचालन | जना | ९९६ | ९२ | ९३ | ११८१ |
| | *महिला* | ३६४ | ५६ | ५१ | ४७१ |
| | *दलित* | ३९१ | ३२ | २३ | ४४६ |
| २.२ सङ्गठन अगुवा निर्माण तथा परिचालन | जना | १४५५ | ६४८ | ५० | २१५३ |
| | *महिला* | ५३७ | ३२५ | २४ | ८८६ |
| | *दलित* | ६३४ | २१० | २६ | ८७० |
| ३. नागरिक सञ्जाल र सहकार्य | | | | | |
| ३.१ आन्दोलन फैलिएको जिल्ला | जिल्ला | ४२ | ४२ | ० | ४२ |
| ३.२ आन्दोलन फैलिएको गाविस | गाविस | २५७ | २५७ | ७७ | ३३४ |
| ४. उपलब्धि | | | | | |
| ४.१ मोही हक दाबी | निवेदन | २५४९२ | २९९७ | ० | २८४८९ |
| ४.२ पेश भएको निवेदनको छिनोफानो | निवेदन | १३४८४ | ९३९ | ० | १४४२३ |
| | *महिला* | ८३७ | १९५ | ० | १०३२ |
| | *दलित* | ३३८७ | १२७ | ० | ३५१४ |
| ४.३ मोहीको स्वामित्वमा प्राप्त जग्गा | हेक्टर | ३०३४ | २६९ | ० | ३३०३ |
| | महिला | १७९ | ५५ | ० | २३४ |
| | दलित | ७९५ | ३६ | ० | ८३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| बजार भाउ (लाखमा) | | ८९३ | ६१ | ० | ९५४ |
| ४.४ नागरिकता प्रमाणपत्र प्राप्ति | जना | २२७५० | ० | ० | २२७५० |
| ४.५ सार्वजनिक जग्गाको उपभोग | हेक्टर | २६३ | ८२ | ० | ३४५ |
| बजार भाउ (लाखमा) | | ७५ | २४ | ० | ९९ |

भूमिसुधारको जिम्मेवारी हामी सबैको हो त्यसमा यहाँहरुको आलोचनात्मक सुझाव र सृजनात्मक सहयोग तथा सहकार्यको अपेक्षा राख्छु ।

## पुष्कर आचार्य, वित्त तथा प्रशासन संयोजक

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आर्थिक वर्ष २०६५/६६ मा भएका आर्थिक कारोबारबारे प्रकाश पार्न चाहन्छु । विगतझैं हामीले त्यहाँ भएका दुई वटा प्रतिवेदन दिएका छौं, एउटा इङलिसमा राखिएको छ र अर्को ३ पेजको नेपालीमा छ । इङलिसमा भएको आर्थिक वर्ष २०६५/६६ असार मसान्तसम्मको अडिट रिपोर्ट हो । आर्थिक वर्ष २०६५/६६ मा परियोजनाअन्तर्गत आम्दानी तथा खर्चको अवस्था यस्तो छ - *अनुसुची १ हेर्नुहोस् ।*

## हरि पुडासैनी, लेखापरीक्षक

आत्मनिर्भर केन्द्रको लेखाप्रणालीमा विगतभन्दा आमूल परिवर्तन भएको छ । ४-५ वर्षपहिले र अहिलेको कामको आयतनमा जुन हेरफेर भएको छ, आर्थिक कारोबार क्षमतामा पनि सोहीअनुरुप वृद्धि भएको छ । सहयात्री संस्थाहरुसँग समयमा हिसाबकिताब लिनु र सहयोगी





निकायलाई निश्चित समयमै रिपोर्टिङ गर्नु निकै चुनौतीपूर्ण थियो, त्यसलाई संस्थाले सहज व्यवस्थापन गरेको पाएका छौं । आर्थिक वर्ष समाप्त भएको डेढ महिनाभित्र लेखापरीक्षण सम्पन्न गरी सामाजिक लेखाजोखा गर्ने थोरैमध्येको संस्थामा आत्मनिर्भर केन्द्र पनि पर्दछ ।

संस्थाले बास्केट फन्डअन्तर्गत ७ वटा सहयोगी संस्थाले दिएको सहयोगको हिसाब, ५० जिल्लामा रकम उपयोग गरेर दुरुस्त राख्नु चुनौतीपूर्ण छ । आत्मनिर्भर केन्द्रले विभिन्न सङ्गठन र संस्थासँग मिलेर काम गरेको हुनाले आत्मनिर्भर केन्द्र मात्र सक्षम भएर पुग्दैन । सबै सहयात्री संस्थालाई सक्षम बनाउनु आवश्यक छ । हामीले हेरेको लेखामा कुनै कमी-कमजोरी देखेका छैनौं । केही छ भने त्यसबारे छलफल गर्न पनि तयार छौं । अब अन्तर्राष्ट्रियस्तरको लेखा राख्न आत्मनिर्भर केन्द्र सक्षम होस् । साथै विभिन्न तहमा रहेका आर्थिक कारोवार गर्ने साथीहरुलाई क्षमता अभिवृद्धि गर्ने विषयमा पनि ध्यान दिन आवश्यक छ ।



## सीता थापा मगर, कन्चनपुर

मेरो पहिलेको बसोबास प्युठान जिल्ला हो । आफ्नो जग्गा नहुनाले ससुरा एक जना धनीकहाँ हलो जोत्नुहुन्थ्यो । जग्गा धनी कैलालीमा बसाई सरेपछि हलीलाई पनि सँगै ल्याइँदा हामी पनि कैलाली आयौं ।

कैलालीमा पनि उहाँहरुले हलो जोताउनुभयो । ससुरापछि मेरो श्रीमान्ले पनि जोत्नुभयो । म मजदूरी गर्थें । यस्तैगरी दिन बित्दै थियो, सङ्कटकालमा सुरक्षाकर्मीले हामीलाई धेरै दुःख दिए । त्यसपछि हामी कन्चनपुरमा डेरा लिएर बस्न थाल्यौं । श्रीमान् रिक्सा चलाउनु थाल्नुभयो । मेरो मजदूरी त छँदै थियो ।

कमैयालाई जग्गा दिए, तर हामीलाई दिइएन् । बच्चाको फि तिर्न नसकेपछि स्कूलले निकालिदियो । मेरो नागरिकता थिएन, यो नहुँदा पनि विभिन्न कुराबाट वञ्चित भइँदोरहेछ । हाम्रो मगर सङ्घ छ भन्ने सुनेर त्यहाँ गई दुःख बेथा पोखे र त्यहाँबाट मगर सङ्घको सहयोगमा मेरो र श्रीमान्को नागरिकता बन्यो ।

यसै क्रममा सङ्घकै एक भाइले हामी जस्तै पीडित मिलेर भूमि अधिकार मञ्च बनाएका जानकारी दिए । म त्यहाँ गएँ । मलाई सङ्गठनमा राख्न खोजिएन । मेरो अन्त थुप्रै जग्गा छ भन्ने उहाँहरुलाई लागेछ । पछि मगर सङ्घमै गएर निवेदन लेखिमागें र धरमपुरमा जबर्जस्ती झुप्रो हालेर बसें । सङ्गठनमा म कहीँ पनि जान छुटाइन, ठाउँ-ठाउँमा गएँ । जिल्ला मञ्चको घर बनाउन पनि गएँ । पुरुषसँगै बराबरी काठ पनि बोकें ।

यहाँभित्र पसेर मैले धेरै कुरा जानें । साथीभाइसित हातेमालो गरेर आफ्नो काममा अगाडि बढ्ने हिम्मत पाएँ । म अझै अगाडि बढ्न तयार छु । म यसमा लागेपछि केही मान्छेले घरमा नचाहिँदो कुरा लगाइदिएछन् । झगडा नै पनि भयो । यो नेता भई भनेर साथीभाइले छेड पनि हाने । तर म कुनै कुराबाट पनि विचलित नभई यसमा डटेर लागेको छु र लागिरहने पनि छु ।

## सुकदेव चौधरी, गोवरडिया, दाङ

सुकदेव चौधरी नाम । मेरो बाउको दुःख गर्दागर्दा जमिन्दारसँग मोही हकका लागि लड्दालड्दा, स्वर्गबास भयो । त्यत्तिकै बसेको थिएँ, संस्थाले मोही हकबारे सिकायो । पछि गाउँमा सङ्गठन गऱ्यौं । सुरुमा





म जमिन्दारसँग मोही हक माग्न गएको थिएँ । उसले मलाई म हक दिन्न, कानूनमा छ भने लडेर खा भन्यो । पछि निवेदन हाल्न गएको थाहा पाएपछि जमिनदार आफैं मेरो घरमा आयो र मुद्दा-मामिला नगर, मोही हक दिन्छु, अड्डामा जाऔं भन्यो ।

केही दिनपछि ऊ र म अड्डामा गयौं । उसले कर्मचारीहरुसँग केही खासखुस कुरा गरेको सुनें । अनि कर्मचारीले मलाई कति जमिन मिलाइदिउँ भनेर सोधे । मैले कानूनले व्यवस्था गरेबमोजिम आधा चाहिने र नत्र नछाड्ने बताएँ । अनि उसले आधा जमिन दिन बाध्य भयो । संस्था नभएको भए मसँग यति गर्ने हिम्मत हुने थिएन । अहिलेसम्म म यही आन्दोलनमा निरन्तर सहभागी छु ।

## माया फौदार, रुपन्देही

समय थोरै रहेछ, भन्ने कुरा धेरै थियो । भोगेको दुःख सम्झँदा अहिले पनि आँसु आउँछ । १२ वर्षअघि १० धुर गाउँब्लक जग्गा किनको थिएँ । पहिले ५५ हजार भने तर मसँग ९५ हजार लिए । अनेक काम गरेर ऋण तिरियो । उनीहरु त्यसपछि साँध सार्दै सार्दै आउन थाले । श्रीमान् बित्नुभएको, छोराछोरी सानासाना । त्यसैले म सहेर बसें ।

म स्वयमसेविका थिएँ । काममा जाँदा अन्त पनि यस्तै समस्यामा छलफल गरिरहेको पाएँ । उहाँहरुलाई देख्दाखेरि एक्लै रहेनछु, भन्ने लाग्यो । पछि भेटघाट र छलफल गर्दै जाँदा भूमि अधिकार र सङ्गठनबारे बुझें । सङ्गठन अधिकार खोज्ने ठाउँ रहेछ । छातीमा दाहिने हात राखेर कसम खाई वीर सिपाहीझैं हुन्छु र मेरो छोरा नातिलाई पनि यो आन्दोलनमा लगाउँछु भन्ने अठोट लिएँ ।

भूमि मञ्च गठन भइसकेपछि हामी सबै क्षेत्री, बाहुन, मगर, थारु, सार्की, दमाई एकजुट भयौं । मेरो गाउँमा ४५/४६ घर छन् । अहिले गाउँमा ढुङ्गा (साँध) सार्ने क्रम रोकिएको छ । केराको रुख रोपेर यो जमिन मेरो हो भन्न छाडिएको छ । ठूलाबडाले मात्र पानी लगाउने कुरा अन्त भएको छ ।

गाउँमा बिजुली बाल्ने कुरा भयो । सुकुम्बासीको टोल अलि टाढा छ भनेर बाल्न नदिने कुरा गरे । तर हामी सङ्गठनको बैठक बसेर यसको विरोध गर्‍यौं र हामीले पनि बाल्न पाउनुपर्ने आवाज उठायौं । अहिले हामीले पनि बिजुली बाल्न पाएका छौं ।

हाम्रो गाविसमा कमसेकम २८/२९ बिगा बाँझो जग्गा छ । हामीले गरेर खान पाइयोस् भन्ने माग छ । अधिकारका लागि अहिलेमात्रै होइन, आन्दोलन त छोरा नातिका लागि पनि हुनुपर्छ । जबसम्म आन्दोलन सफल हुँदैन, तबसम्म लडी नै रहन्छु ।

## विष्णु पोखरेल, स्रोत संस्था संयोजक, सामाजिक विकास तथा अनुसन्धान केन्द्र

५-६ वर्षदेखि म यो अभियानमा संलग्न छु । समुदायको तहमा भन्दा हाम्रा सिता दिदी, स्यानी चौधरी र सुकदेव जस्ता गरीबभन्दा पनि गरीबसम्म यो कार्यक्रम पुगेको छ भन्ने उदाहरणबाटै छर्लङ्ग छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले वार्षिकरुपमा आफूले गरेका कार्य आदान-प्रदान, समीक्षा, सामाजिक लेखाजोखा जो नियमितरुपमा गरिरहेको छ, यो हामी सबैको लागि अनुकरणीय पक्ष हो ।

गाउँको परिवेश हेर्दा समाजले बिर्सिएका मान्छे पनि आज धक फुकाएर आफ्नो अधिकारको विषयमा बोल्न सक्ने भएका छन् । यो चानचुने कुरा होइन भन्ने मलाई लाग्छ । भूमिअधिकारको अभियानमा जे/जति उपलब्धि अहिलेसम्म प्राप्त भएका छन्, यी उपलब्धिलाई सुरक्षित गर्दै थप भूमिअधिकारको पक्षमा हामी डटेर लाग्यौं र अहिले जुन राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध बढेर गएको छ, यो हाम्रो सफल पक्ष हो ।

गरीबहरुको पक्षमा काम गर्ने अन्तर्राष्ट्रिय सञ्जालहरुसम्म हामी अझै पुग्न सकिरहेका छैनौं कि भन्ने लाग्छ । यस्ता कुरामा पनि अलिकति हामीले ध्यान पुर्‍याउँ । हामीले सोचेका अनि भन्दै आएका कुरा केवल बोलमन्त्रका रुपमा मात्र सीमित नरहनु र कहिलेकाहीँ सानोतिनो कुराले आन्दोलनमा प्रभावित पार्न सक्ने भएकाले सानाभन्दा साना कुरामा





पनि सचेत हुन आवश्यक छ । आन्दोलन बिग्रनु र सप्रनुमा उसको भित्री कारण प्रमुख भइदिँदो रहेछ र अहिलेसम्म जे जसरी आएको छ, यो धेरै अनुकरणीय छ । आउँदा दिनमा पनि राम्रा कुरा जगेर्ना गर्दै र धेरैभन्दा धेरै गरीबको एउटा साझा चौतारीका रुपमा हामीसँगै आन्दोलनमा प्रस्तुत गर्न सकौं र हामी सँगै अगाडि बढौं ।

## रमेश पौड्याल, सिन्धुपाल्चोक

राम्चेमा गुठीपीडित किसानहरु हुनुहुन्थ्यो । आफ्नो बुताले भ्याएसम्म लड्नुभो र ३९ घरधुरीले लालपूर्जा प्राप्त गर्नुभो । हामी उत्साहित भयौं । गाउँको एउटा समस्या समाधान भयो । अब यो कागज (लालपूर्जा) मात्र लिएर हुँदैन भनेर हामीले भूमिसुधारको थप अभ्यास सुरु गर्ने विचार गर्‍यौं ।

सिङ्गो गाविसलाई सामाजिक नक्साङ्कन गरियो । भूभागलाई लेक, बेसी, मध्य गरी भाग लगाइयो । जनसङ्ख्याका साथै अन्य विषयमा लेखाजोखा गर्‍यौं । गाविसभर १५ घरधुरी सुकुम्बासी रहेछन् । ७८ परिवार अरुको जग्गा कमाएर खाने फेला पर्नुभयो । २/४ महिलाको मात्रै लालपूर्जा पाएको भेट्टायौं ।

जनसङ्गठन निर्माण गरेका छौं । भूमिहीन, जो १५ जना हुनुहुन्छ, उहाँहरुको एउटा सङ्गठन छ, जुन यो आत्मनिर्भर केन्द्रको सहयोगबाट गरीब भूमिहीनका पक्षमा कार्यरत् छ । यसैगरी मोही किसानको पनि सङ्गठन बनेको छ । महिलाको पनि सङ्गठन बनेको छ । उनीहरु लालपूर्जा सगोलमा चाहिन्छ भनिरहनुभएको छ । यसका साथै लालपूर्जा मात्रै ठूलो भएन, अब भूमिमै सुधार गरेर देखाउनुपर्छ भन्ने मान्यतामा पुगेअनुरुप आत्मनिर्भर केन्द्र र ग्रामीण विकास समाजको सहयोगमा प्राविधीकहरु जानुभएर अहिले ३५/३६ जना अगुवा किसान पनि तयार गरिएको छ । हामी खेर गइरहेको कान्ला पनि उपयोग गर्ने भनेर लागिरहेका छौं ।

पहिला करेसाबारीको मात्रै विकास गर्न हुन्थ्यो भने अब व्यबसाय गर्नुपर्छ भन्ने मान्यतामा किसान लागिरहनुभएको छ । यसरी काम गरिरहँदा सजिलो र अप्ठेरो दुवै हुँदोरहेछ । भूमिहीनको कुरा गरिरहँदा, मोहियानीको कुरा गर्दा साहूहरु रिसाउन थालेका छन् । छटपटाउन थालेका छन् । एउटाले कमाइराखेको जग्गा खोसेर अर्कोलाई बेच्ने क्रियाकलाप हुन थालेको छ ।

राम्चेमा सामुदायिक भूमिसुधार अभ्यासमा सहयोगका लागि जिल्लाका कार्यालय प्रमुखहरुसँग पनि कुरा भयो । राम्चेका सबै नक्साङ्कन पनि प्रस्तुत गऱ्यौं । जिल्ला तहबाट पनि हामीलाई प्रोत्साहन मिलेको छ । अब हामी यिनै विषय लिएर मन्त्रालयमा आउने जमर्को गर्दैछौं ।

अघि आत्मनिर्भर केन्द्रको प्रतिवेदन सुनेर मलाई के खुशी लाग्यो भने यहाँहरुले चारैतिरबाट जुटाउनुभएको पैसा हाम्रो गाउँमा पनि पुगेको छ । गरीबगुरुवाको घरमा पुगेको छ । सुकुम्बासीलाई कहिल्यै केही कार्यक्रम पुग्दो रहेनछ, अहिले पुगेपछि उनीहरु कम्ता रमाएका छैनन् ।



## राजकुमार बस्नेत, अभियानकर्ता, महोत्तरी

आत्मनिर्भर केन्द्रको गतिविधिबारे बुझ्न पाउँदा खुसी लाग्यो । बजेट, उपलब्धि आदि थाहा भयो । आर्थिक प्रतिवेदन अझै मसिनोरुपमा





आउन आवश्यक छ । म अभियानकर्ताका रुपमा महोत्तरीमा काम गरिरहेको छु । हिँजो भूमिको सवालमा केही जानेको थिइन । म आफैं पीडामा थिएँ ।

मेरो बुबाआमा २०२१ सालमा अन्तरजातीय (क्षेत्री र बाहुन) विवाह गरेका कारण गाउँ निकाला हुनुभएको रहेछ । उहाँहरु बर्दिबास आएर बस्नुभयो । जमिनदारकै शासन थियो, निरबहादुर हमालचाहिँ त्यतिखेरका प्रधानपञ्च थिए रे । जमिनदारलाई सोधेर ढालफाँड गरेको जग्गा सबै दर्ता भए पनि नसोधी गरेको जति अहिले पनि ऐलानी, वन क्षेत्र भनेर छुट्याएको छ । म त्यस्तै जग्गामा बस्छु ।

उनीहरुलाई चाकरी, चाप्लुसी गर्नुपर्छ । जति नजिक गयो, उनीहरुले भनेको मान्यो, दशैं तिहारमा खसी, बोका दियो भने जग्गा नम्बरी हुन्थ्यो होला । तर हामीले त्यसो गर्न सकेनौं । हामी पीडालाई खुसीमा बदल्न यो आन्दोलनमा लागेका हौं । हामी गरीब सङ्गठित भई अधिकार खोजिरहेका छौं, यो काममा हामी अभियानकर्ताले सहयोग पुऱ्याएका छौं ।

मैले १४ वटा जनसङ्गठन निर्माण गरेको छु । गाउँब्लक, सार्वजनिक जग्गा, ज्याला, गुठी र नमुना भूमिसुधारका साथै सामुहिक खेतीका विषयमा अभियान उठेको छ । मेरो आफ्नो क्षमता अभिवृद्धिमा पनि संस्थाले सहयोग गरेको छ । भूमि अधिकार के हो ? भूमि किन हामीलाई जरुरी छ भन्ने कुराहरुमा बहस गर्न सकिन्छ ।

अभियानपछि के उपलब्धि भयोभन्दा नम्बरी नापले गाउँब्लक तथा सार्वजनिक जग्गा मिच्ने गरेको थियो, अहिले मिच्नचाहिँ सकेको छैन । भूमिहीन सुकुम्बासीलाई दोस्रो दर्जाका रुपमा हेरिने गरिएको थियो । अहिले सङ्गठित भएकाले शोषण र अन्याय धेरै कम भएको छ गाउँमा । महोत्तरीमा २४ जना अगुवा तयार भएका छन्, जो स्वतःस्फूर्त पूर्णरुपमा गाउँघरमा भएका विवाद, समस्या आफैं बसेर समाधान गर्न सक्छन् ।

जल, जङ्गल, जमिन भनेको प्राकृतिक स्रोत र साधन हो । यो एउटा प्रकृतिले निशुल्क दिएको उपहार हो । तर कसैले चाहिँ नियन्त्रणमा लिन्छ भने अर्को वर्गलाई स्वतः असर पर्न जान्छ । यो निशुल्क उपहार भएको हुनाले उपयोग गर्ने सवालमा केन्द्रित हुनुपर्छ ।

## चण्डेश्वरी सदा, सप्तरी

दौलतपुर गाविस वडा नं. ५ को सदै बस्तीमा बस्छु । म अगुवा छु । हामी विभिन्न ठाउँमा छरिएर चिल्लीबिल्ली भएर बसेका थियौं । भूमिअधिकार मञ्चमा सङ्गठित भएर गाउँ नजिकको उपयोग विहीन ५ विघा जग्गामा ६५ घर बसोबास गर्न थालेका छौं । छिमेकी गाउँका धनीले प्रहरी लगाएर निकाल्ने धम्की दिने काम गरिरहेका छन् । हामी सङ्गठित भएर प्रतिकार गर्दै आएका छौं ।

## सुमित्रा माझी, पूर्णकालीन कार्यकर्ता, सुनसरी

सुनसरीमा ६२, मोरङमा २० र झापामा १२ सङ्गठन निर्माण भएका छन् । सुनसरीमा १४ र झापामा ८ वटा जनमुखी शिक्षा केन्द्र सञ्चालन भैरहेको छ । विभिन्न पटक अधिकारका लागि दबाब दिने काम गरेका छौं । पकली गाविसमा २०६६ भाद्र ९ र १० गरी दुई दिने भूमि शिविर सञ्चालन गरियो । शिविरमा करिब एक सय केजी चामल, दाउरा आदि सङ्कलन गरेर पीडितहरुकै सहभागितामा कार्यक्रम सफल भएको थियो ।

## सोमप्रसाद भण्डारी, महासचिव, राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल

सामाजिक आन्दोलनका लागि सामाजिक लेखाजोखा वास्तवमै महत्वपूर्ण छ । यसले विगतको समीक्षा र नयाँ मार्ग लिन मद्दत गर्दछ । सामाजिक आन्दोलनलाई उसको गन्तव्यमा पुग्न र सफल गराउन कडीको काम गर्छ । आत्मनिर्भर केन्द्रको विगत र आज हेरियो भने ठूलो फड्को मारेको अनुभूति हुन्छ । १५, १६ वर्षसम्म निरन्तर





आन्दोलनमा क्रियाशील हुनु भनेको चानचुने कुरा होइन । यो विषयमा धेरै चुनौती झेल्दै यो अवस्था आएको हो भन्ने कुरा बिर्सिनु हुँदैन ।

सिन्धुपाल्चोकको हेलम्बू र किउलको कुनाबाट सुरु भएको आन्दोलन आज दशभरीको न्याय र रुपान्तरणको आन्दोलन बनेको छ । यो आन्दोलन झुपडीदेखि अन्तर्राष्ट्रियस्तरसम्म नै पुगेको छ । भर्खरै अन्तर्राष्ट्रिय भूमि सञ्जालको सम्मेलन तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले आएर उद्घाटन गर्नुभएको सबैलाई याद होला, हिँजोको विगत र आज त्यस्तो कार्यक्रम गर्न सक्ने हैसियत हुँदा मलाई खुसीले आँसु आयो ।

| राम्रा पक्ष | सुधारका पक्ष |
|---|---|
| विचार निर्माण गर्ने र आदान-प्रदान गर्ने शक्ति छ<br>सहयोगीहरुसँग राम्रो सम्बन्ध र आवश्यक आर्थिक तथा मानवीय स्रोत जुटाइरहनुभएको छ ।<br>समन्वयकारी भूमिका राम्रो छ ।<br>राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरेको छ ।<br>भौतिक व्यवस्थापन राम्रो छ<br>गरीबभन्दा गरीब समुदायलाई समेटेर अगाडि बढिएको छ । | संस्थागतभन्दा व्यक्तिगत पहिचान बढी भएको छ ।<br>आत्मनिर्भर केन्द्र र मञ्चले गरेको काम एउटै एउटै भएकाले अभिलेखनमा दोहोरोपन आएको छ । हाम्रो काम छुट्टिन आवश्यक छ ।<br>आन्दोलनमा क्रियाशील अगुवा, कार्यकर्तालाई बाहिरी, जस्तो- सामन्तबाट आउनसक्ने र आइरहेका चुनौतीबारे समीक्षा गरी यससँग जुध्ने र घटना भइहाले सहयोग गर्ने रणनीति बनाउन आवश्यक छ।<br>कतैकतै आश्वासन दिने तर पूरा नगर्ने काम भएको छ ।<br>कर्मचारीलाई काम बढी लगाएको छ । कसी लगाइएको छ । २४ सै घण्टा काम गर्नुपर्ने अवस्था छ । |

अहिले बनेको ५ वर्षे रणनीतिक योजना कार्यान्वयन गर्नका लागि हामी राष्ट्रिय भूमि अधिकार मञ्च र सरकारी निकायका प्रतिनिधि, सङ्घ-संस्थाका प्रतिनिधि सबैले रचनात्मक भूमिका खेल्नुहुने अपेक्षा राख्छु ।

# खुला छलफल

## यमुना घले, एसडिसी

मैले कृषि तथा प्राकृतिक स्रोतको विषयमा काम गर्ने व्यक्तिका हैसियतले एउटा कुरामात्रै सुझावका रुपमा राख्न खोजेको छु । भूमिसम्बन्धी अधिकारको क्षेत्रमा काम गर्ने सबै साथीहरु यहाँसम्म आइपुग्नुमा सबैको योगदान छ । अहिले संविधान बनाउने जुन अवस्था आइपुगेको छ, त्यसमा अलिकति चनाखो हुनुपर्छ कि भन्ने लागेको छ । किनभने अहिले जुन मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँट समितिबीचमा जे/जस्तोखालको तयारी भैरहेको छ, त्यो दुईटा समितिको मस्यौदामा भूमिको मुद्दा कहाँनेर कस्तो रुपमा उल्लेख गर्न सकिन्छ भन्ने कुरामा तारतम्य मिलेको पाउँदैनौं । त्यसकारणले भूमिमा सरोकार राख्ने सम्पूर्ण महानुभावले एकचोटी त्यो दुवै समितिको प्रतिवेदन हेरेर बेलैमा सुझाव र आवश्यक पहल लिने गर्नुपर्दछ । यसो भएन भने संवैधानिक अधिकारको सुनिश्चितता हुनेवाला छैन ।

## गनबहादुर गासारी, महोत्तरी

म राष्ट्रिय  भूमिअधिकार मञ्चको अगुवा कार्यकर्ता छु । मेरो घर महोत्तरी जिल्ला किसानगर गाविस वडा नं. ९ हो । हामीले सङ्गठनको नाम चार घरे टोल भनेर राखेका छौं । हरुवा छाडेपछि कहाँ बसौं भन्ने समस्या भयो, गाउँमा जग्गा रहेछ, पछि विचार गरेर खाली जग्गामा बस्न खोज्दा ठूलो झगडा भयो । त्यसमा हाम्रो लडाई, झगडा ठूलो भयो र अहिले राष्ट्रिय  भूमिअधिकार मञ्चको सङ्गठनमा बसेपछि त्यो जग्गामा बस्न सजिलो भयो । राष्ट्रिय भूमिअधिकार मञ्चमा बस्न पाएर ज्यादै नै खुशी छु ।

## सन्देश हमाल, केयर नेपाल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सामाजिक लेखाजोखा गरेर सबै पक्षलाई जुटाई राम्रा, नराम्रा पक्षमा छलफल चलाएकोमा बधाई दिन चाहन्छु । मेरो सानो जिज्ञासा भनौं वा अनुरोध छ । भूमिअधिकार





आन्दोलन भनेको जमिन खोसेर वितरण गर्ने हो भन्ने बुझाई पनि अझै ठूलै तहमा छ । जोसँग हदबन्दीभन्दा बढी जग्गा छैन, मजदुरी गर्ने किसान छन्, उनीहरुमा पनि अलिअलि अन्योल र डरको भावना छ- विशेष गरेर तराई क्षेत्रमा । यसकारण यो अन्योल र डर हटाउन के/कस्ता प्रयास भैराखेको छ अथवा भविष्यमा हुनेवाला छ ?

अर्को हामी बेलाबेलामा समाचारमा पनि पढ्ने गर्छौं र विभिन्न प्रतिवेदनमा पनि पढ्ने गरेका छौं कि सामुदायिक वन र भूमिहीनबीच एक किसिमको तनाव छ, त्यो तनाव समाधान गर्नेबारे पनि के/कस्ता प्रयास भैरहेका छन् ? किनकि दुवै संस्था यो प्राकृतिक स्रोत साधनबाट वञ्चित समुदायका लागि नै लागि काम गरिराखेका हुन् तर अहिलेचाहिँ विशेष गरेर जिल्ला गाउँ तहमा विभिन्न संस्थाबीचको समझदारी जुनस्तरमा हुनुपर्ने हो, नभएको हो कि जस्तो अनुभव पनि विभिन्न क्रियाकलापले देखाएका छन् । त्योबारे पनि जानकारी पाउन पाए राम्रै हुने थियो ।

## विष्णुराज उप्रेती, क्षेत्रीय संयोजक, एनसिसिआर

बास्केट फन्डमा सहयोग गर्ने डोनरहरु एक्सनएड नेपाल, केयर नेपाल, सिसिओ, ड्यानिडा/हुगो एमएस नेपाल र अक्सफामले सामूहिकरुपमा रणनीति निर्माण गरी आत्मनिर्भर केन्द्रलाई दिनुभएको सहयोग राम्रो छ । साथसाथै यो काम गर्नका लागि एउटा जटिल अवस्था पनि उहाँहरुले सृजना गर्नुभएको छ, त्यो जटिल अवस्था के हो भने मिसमास । यस्तो मिसमास कि जन सशक्तिरणका लागि राम्रो स्रोत गएको छ तर त्यसका के-के विकल्प हुन सक्छ भन्नेबारे त्यसलाई गहिरिएर विकल्प दिने कुरामा डोनरहरुले पटक्कै ध्यान नदिएको जस्तो देखियो । यसो गर्दाखेरी डोनरहरुले पनि अलिकति यो विषयमा जवाफदेही हुनुपर्छ यो केशमा । अहिले जनतालाई उचाल्ने, अर्गनाइज गर्ने काममा सहयोग गर्नु एउटा पक्ष हो र त्यसका विकल्प के हुन सक्छ त्यो नदिने हो भनेदेखि त्यसले योगदानभन्दा जटिलता नै ल्याउँछ । यसबारे यहीँ उपस्थित डोनरहरुबाट नै सुन्न चाहन्छु ।

## मन्तव्य

### डा. नेत्रप्रसाद तिम्सिना, अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, नेपाल

गैरसरकारी संस्था महासङ्घ नेपालका तर्फबाट यो भूमिअधिकार आन्दोलनलाई कृतज्ञता प्रकट गर्न चाहन्छु । हाम्रो करिब ५ हजार सदस्य संस्थामध्ये भूमिअधिकारको आन्दोलनमा सहजीकरण गरिरहेको सामुदायिक आत्मनिर्भर सेवा केन्द्र पनि एउटा संस्था हो । अघि एक बहिनीले भन्नुभएको थियो कि मानव अधिकारवादीले पनि भूमिअधिकारलाई मानवअधिकारको विषयका रुपमा लिइदिनुपर्‍यो । हामीलाई पनि के लाग्छ भने मानवअधिकार भनेको खाली पुलिसले समात्दा, झगडा हुँदा, जेलभित्र पर्दा अथवा राजनीतिक हस्तक्षेप हुँदामात्र मानवअधिकार हुँदैन । मान्छेले खान नपाउँदा, आफ्ना स्रोतमाथिको अधिकारबाट वञ्चितीकरण हुँदा त अझै मान्छे भोकभोकै तड्पेर मर्नुपर्ने अवस्था आउँछ । यो भनेको मानव अधिकारको चरम हनन् हो र आम मानवअधिकारवादीले यो कुरा बुझ्नुपर्छ । यो सामाजिक, राजनीतिक र आर्थिक, सांस्कृतिक कुरा हो- मान्छेले खान पाउने कुरा आफ्नो परिचय दिन पाउने कुरा र आत्मसम्मान साथ बाँच्न पाउने कुरा ।

गैरसरकारी संस्थाको हिसाबमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले एउटा उदाहरण यहाँ प्रस्तुत गरेको छ । जसले गैरसरकारी संस्थालाई खाली माथि माथि मात्रै अर्थात् उभोमुखी हुने उधोमुखी नहुने भन्ने आरोपलाई खण्डन गरेको छ । हुन त हामीकहाँ त्यस्ता धेरै राम्रा अभ्यास छन्, जुन सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सिक्नलायक अभ्यासका रुपमा पस्केको छ। गैरसरकारी संस्थालाई कसरी गरीबमुखी अनि कसरी आन्दोलनमुखी बनाउन सकिन्छ भन्ने यहाँबाट सिक्न सकिन्छ ।

भूमिअधिकारबारे अहिलेसम्म भएका बहस, छलफल, आन्दोलन हाम्रा साम‍ु छन् र यहाँ आदरणीय संविधानसभाका उपाध्यक्ष पनि हुनुहुन्छ । संविधानमा वास्तविक जनताका अधिकार सुनिश्चित गर्ने कुरा,





प्राकृतिक स्रोतमाथिका अधिकार, भूमिमाथिका अधिकार सुनिश्चित हुने कुरामा के/कस्ता बाधा अड्चन छन्, त्यसलाई चिर्दै हामी अघि बढ्नुपर्दछ ।

देशमा भूमिमाथिको रुपान्तरण जरुरी छ । लोकतन्त्र आयो तर मान्छे भोकै रहे भने त्यसलाई हामीले कसरी लिने ? संविधानसभाभित्रबाट राजनीतिक पार्टीको ठाउँबाट, नागरिक सङ्गठनको ठाउँबाट एउटा दबाबमूलक अभियान अगाडि बढाएर आन्दोलनलाई अझै सशक्त बनाएर अगाडि जान जरुरी छ। जबसम्म उत्पादनको साधनमाथि श्रम गर्ने मान्छेको प्रत्यक्ष स्वामित्व हुँदैन, तबसम्म कुनै पनि खालको लोकतन्त्र आउँदैन, कुनै खालको एउटा गरिमामय जीवन बिताउन सकिँदैन, त्यसैले उत्पादनका स्रोतमाथिको त्यो अधिकारलाई कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण छ ।

अहिलेको विकासको ढाँचा भनेको फेरि पनि पुँजीवादी विकासको ढाँचा हो । दश वर्ष जनयुद्ध भयो । १९ दिने जनआन्दोलन भयो । त्यसपछि आजको दिनसम्म उभिँदा पनि जस्ताको तस्तै छ। यो के कारणले भयो भन्दाखेरि हाम्रो खास गरेर विकासको ढाँचा नै पुँजीवादी विकासको ढाँचा हो । बजारमुखी विकासको ढाँचा हो । त्यसैले विकासको ढाँचा नै हामीले लोकतान्त्रिक बनाउन जरुरी छ । अन्त्यमा फेरि पनि यो भूमि अधिकार आन्दोलनलाई हामी सबै कट्टिबद्ध भएर अगाडि बढौं र तपाईंहरुको आन्दोलन अझै सशक्त होस् भन्दै बिदा हुन्छु ।

### घनश्याम पाण्डे, अध्यक्ष- सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले नेपालमा भूमि आन्दोलनलाई स्थापित गर्ने, साँच्चै वर्गीयरुपमा पछाडि परेको समुदायलाई सङ्गठित गर्ने काम गर्दै अगाडि बढिररहेकाले मलाई खुसी लागेको छ । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका तर्फबाट भूमिअधिकारको आन्दोलनलाई भूमिमाथि जनताको स्वामित्व स्थापित गर्ने आन्दोलनमा सधैं हिँड्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

केही समयदेखि वन आन्दोलन र भूमि आन्दोलनका बीचमा यदाकदा विवाद देखिए, समस्या देखिए । खासगरी वन संरक्षण गर्ने र त्यसमाथि बसेका सुकुम्बासीको विषयमा विवाद आएका छन् । ती विवाद पनि हामीले संयुक्तरुपमा बसेर सम्बोधन गर्ने र समाधानको पहल पनि गरेका छौं ।

हामीले नेपालको गरिबीविरुद्धको आन्दोलनलाई भूमि आन्दोलनले एउटा रुपले लिने, पानी आन्दोलनले एउटा रुपले लिने, वन आन्दोलनले एउटा रुपमा लिने भयो भने आन्दोलन अगाडि बढ्न सक्दैन । गरिबीविरुद्धको आन्दोलनलाई अगाडि उठाउने हो भने भूमिअधिकारको आन्दोलन, वन अधिकारको आन्दोलन र पानी अधिकारको आन्दोलनलाई सङ्गठितरुपमा अगाडि बढाउँदै लैजानुपर्छ भन्ने मान्यताको आधारमा हामीले प्राकृतिक स्रोतमा जल, जङ्गल र जमिनमा काम गर्ने सङ्गठन, महासङ्घ, सञ्जाल मिलेर प्राकृतिक स्रोत राष्ट्रिय परिसङ्घ बनाएका छौं ।

आन्दोलन हाँक्ने क्रममा केही सतर्कता अपनाउनु पर्दोरहेछ । केही ठाउँमा व्यावहारिक अप्ठ्यारा हामीलाई आइपरेका छन् । यी भूमि आन्दोलनभित्र पनि केही विकृति र विसङ्गति हुन सक्छन् । वन आन्दोलनभित्र पनि केही विकृति र विसङ्गति हुन सक्छन् । यसले त्यस्ता विकृति कम गर्न मद्दत गर्छ भन्ने मेरो विश्वास छ ।

हामीले सङ्गठन बनाएका छौं । सशक्तिकरणको एउटा अवस्था यहाँ देखिएको छ । अब यसका माध्यमबाट समृद्धि र सम्पन्नतालाई कसरी सुनिश्चित गर्न सकिन्छ । त्यो समृद्धि र सम्पन्नतामा जानका निम्ति अघि बढौं भन्ने मलाई लाग्छ । एउटा कुरा हामी बारम्बार सुन्छौं, जुनबेला पार्टी प्रतिबन्धित हुन्छ, त्यति बेला त्यो पार्टी सबभन्दा ठूलो क्रान्तिकारी, जुनबेला पार्टी सडकमा आउँछ अनि प्रगतिशील, अनि संसदमा हुँदा सुधारवादी, सरकारमै गैहाल्यो भने प्रतिक्रियावादी हुन पनि बेर नलाउने अवस्थामा हामी नागरिक आन्दोलनलाई सँगै लगेर त्यस्तो अवस्था आउन नदिन खबरदारी गर्नुपर्दछ । जनताको समृद्धिको सुनिश्चितता गर्न वन, भूमि र पानीको अधिकारलाई सुनिश्चित गर्नका निम्ति सँगै सङ्घर्ष गरौं ।





## लार्स पिटर, कार्यक्रम संयोजक-डानिडा, हुगो

यो कार्यक्रम मेरा लागि पनि उपलब्धिमूलक भयो । मैले पनि केही कुरा सिकें । तपाईंहरुमध्ये केही साथीले भन्नुभएझैं आत्मनिर्भर केन्द्र (सिएसआरसी) त्यस्तो थोरै गैरसरकारी संस्थामध्ये एक हुन सक्छ, जसले पारदर्शिताका लागि आफूभन्दा माथि र आफूभन्दा तलको समुदायसँग (जो-जोसँग यसले काम गर्छ, उहाँहरुबीच पारदर्शिता प्रबर्द्धन गर्न) यस्तो कार्यक्रम आयोजना गर्न थालेको हो । यसले मलाई थप खुशी दिएको छ ।

हामी सिएसआरसीलाई लगभग ५ वर्षदेखि सहयोग गर्दै आइरहेका छौं । यहाँहरुको मुद्दामा अरु थप केही वर्षसम्म पनि सहयोग गर्ने प्रतिबद्धता जनाइसकेका छौं र त्यो प्रतिबद्धता विगतको जस्तो परियोजनामा आधारित नभएर रणनीतिक साझेदारीको हिसाबले हुनेछ । तपाईंहरुले हामीलाई साझेदार हुने अवसर दिनुभयो, त्यसका लागि पनि धन्यवाद छ ।

हिजो राजनीतिक दलहरुले अनि अरु सङ्घ/संस्थाले नचिन्ने सिएसआरसी अहिले तिनै सङ्घ/संस्थाले बिर्सन नसक्ने शक्ति बनेको छ । यो आफैंमा पनि खुशीलाग्दो कुरा हो । यो आन्दोलन विस्तार भएर गैराखेको छ । सन् २०११/१२ तिर ७५ जिल्लामा नै पुग्ने लक्ष्य लिएको मैले बुझेको छु । म यससँग सम्बन्धित दुई वटा कुरा अघि राख्छु । यो विस्तार हुने नाममा तपाईंहरुले अहिलेसम्म आर्जन गर्नुभएको गुणात्मक काम नबिर्सनूस् । विस्तारित हुँदै जानूस्, बढ्दै जानूस् तर कामलाई ख्याल गर्नूस्, जिल्लाको सङ्ख्या थप्नेमात्र होइन, कामको गुणात्मकतामा ख्याल गर्न म विशेष आग्रह गर्दछु । दोस्रो कुरा, तपाईंहरु अहिलेसम्म एकत्रित हुनुहुन्छ, यो आन्दोलन एक छ । आन्दोलनभित्र साँच्चै केही विविधता पनि होलान्, विभिन्न दृष्टिकोण होलान्, कसरी आन्दोलन अगाडि लैजाने भन्ने आ–आफ्नै सोच होलान्, ती सबैलाई तपाईंहरुले अहिलेसम्म सङ्गठित, एकिकृत गर्न सक्नुभएको छ । यो आन्दोलन एक छ, यसमा विभिन्न प्रकृतिका विचार, सङ्घ/संस्था, सङ्गठन आबद्ध भए पनि आन्दोलन एकीकृत

रहेको छ । यो एकता कायम भइरहोस् । यो एकता टुट्यो भने तपाईंहरुको आन्दोलन टुट्छ ।

तपाईंहरुले अहिलेसम्म बढी जनस्तरका सङ्गठन निर्माण गर्ने र पीडितहरुलाई सङ्गठित गर्दै लैजाने कुरामा बढी ध्यान दिनुहोला । अहिले भर्खरैदेखि तपाईंहरु राज्यको माथिल्लो निकायमा अर्थात् नीति निर्माण तहमा पनि यो आन्दोलनलाई जोडेर लैजाँदै हुनुहुन्छ ।

तपाईंहरुको आन्दोलनका कारण भूमि आयोग बन्यो । त्यो भूमि आयोगले कुनै पनि काम गरेको देखिएन, मैलेचाहिँ देखिन तर आज अचम्म लाग्यो, यो छलफलमा पनि आयोगले काम गर्न सकेन भन्ने विषयमा कुनै कुरा उठेन । तपाईंहरुमध्ये कसैले पनि एक शब्द पनि उच्चारण गर्नुभएन । कुनै विश्लेषण आएन । किन यस्तो भएको हो ? हामीले २/३ दिनअगाडि प्रधानमन्त्रीलाई भेट्ने अवसर पाएका थियौं । हामीले प्रधानमन्त्रीलाई अघिल्लो भूमि आयोगले काम गर्न नसकेकोमा चिन्ता व्यक्त गर्‍यौं, उहाँले अर्को भूमि आयोग बन्छ भन्ने कुरा हामीलाई सुनाउनुभयो । काम नगर्ने आयोग रहनुभन्दा अर्को आयोग बन्नु राम्रो हो कि ? यसो हुँदा सिएसआरसीले अहिलेको भूमि आयोगलाई कसरी हेर्ने र अर्को आयोग बन्यो भने कसरी काम गर्ने भन्नेमा स्पष्ट हुनु जरुरी छ । आयोग बन्नु मात्र आफैंमा कुनै अर्थ हुँदैन । त्यसको अर्थ खोजिने भनेको यसले के काम गर्‍यो ? कत्तिको काम गर्न सक्छ ? भन्नेमा हो । अनि आयोग वा अरु त्यस्ता सङ्घ संस्थाले कुनै काम गर्न बाध्य बनाउँदैनौं भने त्यस आयोगले के गर्छ ? त्यसलाई काम गर्न बाध्य बनाउन हामी के गर्छौं भन्नेबारे सिएसआरसीले विशेष ध्यान दिनुपर्छ ।

सिएसआरसीका लागि अर्को चुनौती भनेको उसले आफ्नो क्षमता विस्तार गर्नु हो । नीति वकालतका क्षेत्रमा भूमि आयोगलगायत् राजनीतिक दल, अनि सम्बन्धित सङ्घ संस्थासँग कसरी काम गर्ने ? उनीहरुलाई सहयोग कसरी पुर्‍याउन सकिन्छ ? कस्ता कस्ता सल्लाह उनीहरुले लिन्छन् र किन लिन्छन् ? कस्तो कस्तो सल्लाह लिने भन्ने क्षेत्रमा अथवा त्यो तहमा राज्यको माथिल्लो तहमा रहेका सङ्घ संस्थासँग काम गर्न नीतिसँग सम्बन्धित वकालतको क्षेत्रमा काम गर्न





सिएसआरसीले आफ्नो क्षमता विस्तार गर्न जरुरी छ । हामीलाई विचारको वा कस्तो प्रकारको भूमिसुधार जरुरी हुन्छ, आवश्यक छ भन्ने विषयमा पनि छलफल हुन जरुरी छ किनभने त्यो क्षेत्रसँग सम्बन्धित ज्ञान सीमित हुन सक्छ । एकै प्रकारको भूमिसुधार अर्थात् एउटै केन्द्रीयस्तरबाट सुरु गर्ने भूमिसुधारले भूमिका समस्या समाधान नगर्न सक्छ । विविध प्रकृतिको भूमिसुधारका मोडल हुन सक्छन् । ती मोडल हामी जस्तै संस्थामा रहेर काम गर्ने सङ्घ/संस्थाको अनुभवका आधारमा विकास गर्न सकिन्छ । त्यसैले त्यो क्षेत्रमा सिएसआरसी र यो आन्दोलनमा लाग्नेहरुले बढी काम गर्नु जरुरी छ । हामीले नयाँ विचार, नयाँ विकल्प पनि निर्माण गर्न सक्नुपर्छ ।

सिएसआरसीले आफ्नो संस्थाभित्र नीति र अनुसन्धानका क्षेत्रमा काम गर्ने एउटा छुट्टै विभाग खडा गरोस् र त्यही विभागले सम्बन्धित विश्वविद्यालय, अध्ययन गर्ने सङ्घ संस्थासँग मिलेर (यो राष्ट्रिय वा अन्तर्राष्ट्रिय दुवै हुन सक्छन्) थप अध्ययन गरोस्, अनुसन्धान गरोस् र नयाँ विचार एवम् ज्ञान निर्माण गरोस् । सिएसआरसीले तुरुन्त ख्याल गर्नुपर्ने कुरा भनेको उसले आफ्नो क्षमता वा नेतृत्व गर्ने क्षमताको विकास गर्ने हो । २, ३ जना, ४ जना, ५ जना वा १० जनाले यो आन्दोलन थेग्न सकिन्छ भन्ने पनि छैन । त्यसैले सिएसआरसीले आफ्नो क्षमता विस्तार गरोस् र उसको आन्दोलनलाई पनि विकेन्द्रीकरण गर्दै लैजाओस् । यस क्षेत्रमा के गर्नुपर्छ हामी सहयोग गर्न तयार छौं तर तुरुन्त सिएसआरसीले काम थाल्नुपर्‍यो ।

अन्त्यमा सिएसआरसीले बिर्सन नहुने एउटा कुरा राख्न चाहन्छु । यो आन्दोलन जहाँबाट सुरु भएको हो, जुन क्षेत्रबाट सुरु भएको हो र जसको लागि काम गरिराखेको छ अर्थात् भूमिहीन र मोही, अहिलेसम्म पनि गरिराखेको छ, त्यो क्षेत्रलाई उसले बिर्सने कुरा हुँदैन । नीतिगत तहमा काम बढाउ भन्नुको अर्थ फेरि सङ्गठन निर्माण गर्ने र समुदायबाट उठेका आन्दोलनलाई कम महत्व दिनूस् भनेको होइन । त्यो जरुरी हो, त्यो भएन भने सिएसआरसीको अभियानको कुनै अर्थ रहँदैन । त्यो सँगसँगै आवश्यकताअनुसार क्षमता विस्तारलाई पनि ख्याल गर्नुपर्छ भन्ने कुरामा मात्र मेरो जोड हो । हामीलाई यहाँ

बोलाउनुभयो, बोल्ने अवसर दिनुभयो र तपाईंहरुको कुरा पनि सुन्ने मौका दिनुभयो, त्यसका लागि सबैलाई धन्यवाद छ ।

**वेगेन्द्रराज शर्मा पौड्याल, सह-सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय**

म यहाँ आउनुभन्दा अगाडि सुकुम्बासी समस्या समाधान आयोग गठनबारे मन्त्रिपरिषदमा पठाउनुपर्ने प्रस्ताव मस्यौदा गर्दै थिएँ । मैले यहाँ आएर धेरै मित्रको कुरा सुनें, सुनिसकेपछि छुट्नै नहुने कार्यक्रम रहेछ भन्ने लागेको छ । भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सहसचिवको हैसियतले आजको कार्यक्रममा उठेका सवाल हाम्रा दायित्वका विषयहरु पनि हुन भन्ने प्रष्ट गर्न चाहन्छु । सिएसआरसी जस्ता संस्थाहरुको कामले हामीलाई उद्देश्य पूरा गर्नमा सहयोग गर्ने मैले विश्वास लिएको छु ।

२०५७ सालमा कमैया मुक्त गर्दा हामीले गल्ती गरेका रहेछौं । हामीले ठान्यौं, सरकारी निकायबाट घोषणा गरेर कमैया मुक्ति गर्‍यौं, तर हामीले कमैयालाई होइन रहेछ, जमिनदारलाई मुक्त गरेछौं । जुन जमिनदारको घरमा कमैया बसेको छ,, उसैबाट निश्चित जग्गा दिने व्यवस्था भएको भए कमैयाको अवस्था धेरै अगाडि गइसक्थ्यो ।

परिचयपत्र पाएका २६ हजार कमैयामध्ये २० हजारलाई त हामीले जग्गा वितरण गरिसक्यौं । बाँकीलाई जग्गा बाँड्नका लागि वनसँग कुरा मिलेको छैन । त्यसो हुनाले समन्वय जरुरी छ । आगामी दिनमा हलिया, हरुवाचरुवा जसको भूमि र माटोसँग सम्बन्ध छ, श्रम पसिना, मेहनत र पाखुरी खर्च हुन्छ, उनीहरुको जमिनसँगको स्वामित्व, नियन्त्रण कानूनीरुपमै बन्दोबस्त गर्नुपर्छ भनेर हामीले कानून संशोधनका प्रयास अगाडि बढाएका छौं । कानूनीरुपमा नै हलिया, हरुवाचरुवालाई मुक्त गर्दा जमिनदारको घरबाट बाहिर निकाल्दा उनीहरुलाई जसको घरमा बसेको हो, त्यसैको जमिनबाट घडेरी र जमिन दिलाउनेतर्फ कानून संशोधन गर्दछौं । मन्त्रालयको तर्फबाट म यो प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।





कार्यक्रमले गरीबभन्दा गरीब सबभन्दा तल्लोस्तरको जनतालाई समेटेको मैले पाएँ । उदाहरणका लागि सुकदेव चौधरी यहीँ हुनुहुन्छ । हामीले आयोगहरुको काम प्रभावकारी बनाउन प्रयास बढाइरहेका छौं । शान्ति मन्त्रालयमार्फत् हलिया, हरुवाचरुवालगायतका डाटा सङ्कलन गरिरहेका छौं । त्यो डाटा लिइसकेपछि त्यसतर्फको कारबाही पनि अगाडि बढाउने यहाँहरुसमक्ष अनुरोध गर्न चाहन्छु ।

सुकदेव चौधरीले भन्नुभयो, बाबुको जमिनदारसित मुद्दा लड्दा लड्दा जीवन व्यतीत भयो । पछि मैले लडेर लिएँ । माया फौदारले भन्नुभयो कि  एकजुट र एकता नै बल हो । तपाईंहरु एकजुट नभएको भए यही सुनुवाई पनि हुने थिएन । तपाईंहरुको आन्दोलन आउँदा दिनमा पनि जरुरी छ । राज्यलाई तपाईंहरुले सुनाउनुपर्छ । मेसिनरी संयन्त्रलाई तपाईंहरुले सुनाउनुपर्छ, अन्यथा आवाज बुलन्द गर्न छोड्यौ भने आफ्नो अधिकारका लागि लड्न छोड्यौं भने स्वाभाविकरुपमा सरकारी निकायमा पनि कहिलेकाहीँ सचेतना नआउन सक्छ । तपाईंहरुले हामीलगायत्का निकायलाई घच्घच्याउनुपर्छ, त्यसमा मेरो समर्थन छ ।

भूमिको बाँडफाँट हुनु मात्रै भूमिसुधार होइन । भूमिको उपयोग पनि हो । भूमिको व्यवस्था पनि हो । हामीसँग भएको भूमि कसरी बढी उपयोग गर्न सक्छौं भन्ने पनि हो, किनकि भूमि भनेको कृषिको उत्पादकत्वसँग जोडिएको छ । जहाँ उब्जाउ हुन्छ, जहाँ किसानले उत्पादन गर्छन्,



काठमाडौंमा बस्नेहरु, ठूलठूला महलमा बस्नेहरु सबैले किसानले उब्जाएको अन्न खाने हो । भूमिसुधारको एजेण्डा आर्थिक सुधारको एजेण्डा हो । हामी भू-उपयोग नीति ल्याउने तयारीमा छौं ।

हाम्रा विदेशी मित्र लास पिटरले भन्नुभयो- भूमिसुधार आयोगले केही पनि गरेको छैन । भूमिसुधार आयोग छ । यसले निकट भविष्यमै एउटा रिपोर्ट तयार गर्दैछ, हामी आशा गरौं । आयोगलाई थप प्रभावकारी बनाउन अझ थप प्रयत्न हाम्रो तर्फबाट अगाडि बढेको छ, त्यसैगरी सुकुम्बासी समस्या समाधान आयोगका लागि पनि नयाँ प्रस्ताव हामी लगिरहेका छौं । मुक्त कमैया समस्या समाधानका लागि पनि हामी नयाँ प्रस्ताव लग्दै छौं । हाम्रा प्रयास, हाम्रा पाइला अगाडि बढ्न जारी छन् ।

## छेवाङ शेर्पा, सदस्य सचिव- समाज कल्याण परिषद्

आजको यस सामाजिक लेखाजोखा कार्यक्रममा विशेषत भूमिमाथिको अधिकारमा भएको छलफल चाखलाग्दो थियो । मानवको न्युनतम आवश्यकता भनेको गास, बास, कपास भूमिबाटै पूरा हुन्छ । भूमि अधिकार मानिसको जीविका, प्रतिष्ठा, पहिचान र आध्यात्मिक सम्बन्धसँग सम्बन्धित छ । यसर्थ यस विषयमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको काम निकै महत्वपूर्ण छ ।

कुनै पनि कुराबारे चेतना बढाउँदा अधिकार, त्यसको आवश्यकता र दायित्व यी सबै पक्षलाई सँगसँगै लैजानुपर्दछ । यसले शक्ति र प्रतिबद्धता बढाउँछ । यसबाटै काममा रुचि बढ्छ र अधिकार प्राप्त हुन्छ । अधिकार सँगसँगै जिम्मेवारीका पक्षमा पनि हामीले बोल्नुपर्ने देखिन्छ ।
आइएलओ १६९ ले आदिवासी एवम् जनजातिको भूमि अधिकारसम्बन्धी अलगखालको व्यवस्था गरेको छ । अत यो विषयमा पनि भूमि अधिकारको आन्दोलन स्पष्ट हुन आवश्यक छ ।

समाज कल्याण परिषद्को सदस्यको हैसियतले म यहाँहरुलाई के राख्न चाहन्छु भने समाज कल्याण परिषद्को मूल उद्देश्य भनेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको काम अनुगमन गर्ने, निर्देश गर्ने र सरकार र





संस्थालाई जोड्ने हो । यसो भएपछि मात्र मिलेर जान सकिन्छ र यसले विकास कार्यलाई प्रभावकारी बनाउन सकिन्छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले जुन भूमिका निर्वाह गर्दैछ, त्यस्तै प्रकारले दुर्गम जिल्ला, जहाँ सरकारको पहुँच एकदम कम छ, त्यस्ता ठाउँमा पनि सक्रियरुपमा भूमिका खेलेको मैले महसुस गरेको छु । भविष्यमा पनि यहाँहरुको कार्यक्रम सफल होस् र राष्ट्रका लागि सहयोग गर्नेखालको कार्यमा अग्रसर रहनुहोस् ।

## पूर्णा सुवेदी, उपाध्यक्ष-संविधानसभा

मैले धेरै कुरा राख्नुपर्छ जस्तो लाग्दैन किनकि भूमि अधिकारसम्बन्धी आफूलाई लागेका विषय राख्दै आएको छु । भूमि प्राकृतिक सम्पत्ति हो र यो प्राकृतिक सम्पत्तिमाथि सबैको पहुँच र सबैको अधिकार हुनुपर्छ । थोरै मान्छेले धेरै जमिन लिएकाले नै धेरै मान्छे जो भूमिमा श्रम गर्छन्, भूमि अधिकारबाट वञ्चित हुने अवस्थाले आज तपाईं हामीलाई गरिबी र अन्यायको अवस्थामा ल्याइपुर्‍याएको हो ।

जो भूमिमा जन्मिन्छ, हुर्किन्छ, श्रम पसिना बगाउँछ र उसको मृत्यु पनि भूमिमै हुन्छ । तर उसले जीवनभर भूमि अधिकारका लागि सङ्घर्ष गर्नुपर्‍यो । विडम्बनाको कुरो, दुःखको कुरो हो तर फेरि यो कसको दोष हो त ? भन्ने विषयमा पनि यहाँहरु सबै जानकार हुनुहुन्छ, मुख्य कुरा भूमिमाथिको अधिकार, प्राकृतिक स्रोत साधनमाथिको अधिकार नएर नै शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभुताको अधिकार पनि गुमेको अवस्था छ ।

भूमिअधिकारबाट बिहीन भएका नागरिकको अधिकार सुनिश्चित गर्नुपर्‍यो । सरकारको नीति र कानूनले श्रम गर्नेको स्वामित्व र पहुँच हुने व्यवस्था गर्नुपर्‍यो । भूमि कहीँ पनि कतै पनि बाँझो नराख्ने नीति चाहियो । सँगसँगै भूमिलाई बढी उत्पादनमूलक कसरी बनाउन सक्छौं, उत्पादक शक्ति त हामीसँग छ तर त्यो उत्पादनलाई व्यवस्था गर्ने कुरो कसरी गर्ने ? यस विषयमा काम गर्न आवश्यक छ ।

एक जना बहिनीले उठाउनुभएको थियो, मौलिक अधिकार समिति र प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँट समितिले भूमिसम्बन्धी अधिकारको विषयमा प्रष्ट किटेर जनताको अधिकार सुनिश्चित हुनेगरी लेख्नुपर्दछ, यो ज्यादै महत्वपूर्ण कुरा हो किनकि यो संविधान भूमिसुधारका लागि बाधक बन्नु हुँदैन ।

तपाईंहरु जुन एउटा इच्छाशक्ति जम्मा गर्दै अधिकारलाई सुनिश्चित गर्ने आन्दोलनमा हुनुहुन्छ र आन्दोलनलाई सबैले सहयोगको हात अगाडि बढाएको पनि मैले सुनें । म पनि तपाईंहरुको बीचमा हिँजोदेखि नै सँगै छु र आगामी दिनमा पनि सँगै रहन्छु ।

हाम्रो देशमा महिला भूमि अधिकारबाट वञ्चित छन् । जो महिला १८ घण्टा भूमिमा श्रम गर्छन्, उनीहरुको श्रमको कुनै मूल्याङ्कन हुँदैन । कृषि उत्पादनमा उनीहरु सहभागी हुन्छन् तर उपभोग गर्न पाएका छैनन् ।

भूमिमा महिलाको पनि स्वामित्व हुनुपर्छ । महिला र पुरुष दुवैको नाममा लालपूर्जा हुने नीति सरकारले ल्याउनुपर्छ । यसो भयो भने महिलाको भूमिमाथिको अधिकार सुनिश्चित हुने अवस्था आउँछ । अन्त्यमा हामी सबैको मुख्य काम भनेको संविधान निर्माणको काम हो र सबैको चाहना भनेको शान्ति तथा परिवर्तन तथा राज्यको अग्रगामी पुनर्संरचना ।

केही समययता राजनीतिक दलप्रति एउटा तिक्तता देखिएको छ र फेरि मिल्नुको पनि विकल्प छैन । सबै राजनीतिक दल अथवा ठूला राजनीतिक दलहरु सहमतिमा नआइकन समयमा संविधान बन्न नसक्ने विषयमा पनि सबैबाट हामीलाई सुझाव आएका छन् । त्यसकारण अब बन्ने नयाँ संविधानमा भूमिसम्बन्धी कस्तो व्यवस्था हुनुपर्दछ भन्ने विषयमा पनि यहाँहरु सचेत रहनुपर्छ र सबैले आफ्ना-आफ्ना ठाउँबाट राजनीतिक दल र संविधानसभाका विभिन्न समिति पनि यस विषयमा जिम्मेवार हुन आवश्यक छ ।





यहाँहरुले अब बन्ने संविधानमा पनि सबैको अधिकार, सबैको पहुँच, सबैको स्वामित्व र अपनत्व हुने विषयमा खबरदारी गर्नुहुनेछ, पहरेदारी गर्नुहुनेछ र हामी सबैलाई एकखालको सचेतना, एकखालको प्रेरणा दिइराख्नु हुनेछ । यहाँहरुको यो आन्दोलनको अभियानमा म पनि मेरो ठाउँबाट यहाँहरुकै साथमा रहने, सहयोग गर्ने आशा, विश्वास दिलाउन चाहन्छु र हामी सबैको एउटा इच्छाशक्ति, सबैको ऐक्यबद्धता, सबैको एकताको बलले यी समस्यालाई सम्बोधन गरेर राख्न सक्छौं । यी समस्यालाई हल गरेर जान सक्छौं र हामी सबैले हाम्रा अधिकार सुनिश्चित गर्न सक्छौं ।

## जगत देउजा, कार्यक्रम व्यवस्थापक, आत्मनिर्भर केन्द्र

कार्यक्रममा उपस्थित महानुभावहरुबाट सारै उपयोगी विचार हामीलाई प्राप्त भएको छ । राम्रा सुझावले हामीलाई हौसला मिलेको छ, उत्प्रेरणा दिएको छ । यहाँहरुले केही आलोचनात्मक टिपणी गरेर हामीलाई ठूलो गुण लगाउनुभएको छ । यी टिप्पणीले आन्दोलन र हाम्रो काममा मद्दत गर्नेछ छ ।

सामुदायिक आत्मनिर्भर केन्द्र भूमिअधिकार आन्दोलनको धेरै कर्तामध्येको एउटा हो भन्ने प्रष्ट गर्न चाहन्छु । यस आन्दोलनमा हामी धेरै क्रियाशील छौ । त्यसलाई यहाँहरुले बुझिदिनुहोला भन्ने आशा छ । यस आन्दोलनमा हामी आफ्नो क्षमताअनुसार सहभागी हुँदै आएका छौं । हामी आज जहाँ उभिएका छौं, धेरै आरोह-अवरोह पार गर्दै आइरहेका छौं । धेरै सङ्घर्ष पार गर्दै आइरहेका छौं र साथै एउटा जटिल मोडमा पनि उभिएका छौं । यो आन्दोलनको विस्तारसँगै चुनौती पनि थपिएका छन् । यसो भएकाले पनि हामीलाई थुप्रै सल्लाह, सुझाव र सहयोग चाहिएको छ ।

समयका कारण, थुप्रै मित्रहरुले हामीलाई आफ्ना सुझाव दिन पाउनुभएको छैन । पछाडिको अनौपचारिक सेसनमा पनि यहाँहरुले कुरा राखिदिनुहुनेछ भन्ने लागेको छ । अब म उठेका केही जिज्ञासाबारे कुरा राख्न गैरहेको छु । त्योभन्दा अगाडि म के भन्न चाहन्छु भने आज

उठेका र यसपछाडि अनौपचारिक छलफलमा पनि उठ्ने विचारलाई, सुझावलाई, यहाँहरुले औंल्याइदिनुभएको विषयबारे एउटा प्रतिवेदन तयार पार्छौं र आज यहाँ उपस्थित सबै साथीलाई पनि दिन्छौं । आउने सामाजिक लेखाजोखामा त्यसको समीक्षा गरेर मात्र अगाडि बढ्छौं भन्ने विश्वास दिलाउन चाहन्छु ।

खास वित्तीय व्यवस्थापनको स्तरलाई अझै बढाउन जरुरी छ र कतिपयको प्रस्तुति मसिनो भएर आउनुपर्छ भन्ने कुरा यहाँ उठेको छ, त्यसलाई हामीले स्वीकारेका छौं । अझ हामी यसलाई राम्रो बनाउने कसरतमै छौं । अन्तर्राष्ट्रिय सङ्घ/सङ्गठन र आन्दोलनसँगको सम्बन्ध विस्तार अझै हुनुपर्‍यो भन्ने कुरा आएका छन्, केही हदसम्म यस सम्बन्धमा प्रयास जारी छ । यसलाई अझ बढाउँदै लिएर जानुपर्ने विषय उचित हो । अर्को संस्थागतभन्दा अलिकति व्यक्तिगत पहिचान बढेर गएको हो कि भन्ने कुरा आएको छ, यो पनि केही हदसम्म साँचो हो, यसलाई हामीले सचेतपूर्वक कम गर्न लागिरहेका छौं र केही समयमा यो कम हुँदै जाने लाग्छ ।

राष्ट्रिय भूमिअधिकार मञ्च र आत्मनिर्भर केन्द्रको काम अरु विशिष्टिकृत हुनुपर्‍यो र अभिलेखन पनि त्यहीअनुरुप हुनुपर्‍यो भन्ने कुरा गर्नुभएको छ । यस विषयमा हामी योभन्दा अगाडिदेखि नै छलफल गर्दै आइरहेका छौं । अर्को संविधानमा भूमिका मुद्दा जुन हिसाबले उठ्नुपर्ने थियो र यो आन्दोलन पनि जुन हिसाबले अझ बढाउँदै लैजाँदै गर्नुपर्ने थियो, त्यो अझ पुगेको छैन भन्ने कुरा आइराखेको छ । अहिले पनि धनी मानिस र उद्योगपतिहरु संविधान निर्माणमा जुन हिसावले क्रियाशील छन् । गरीबहरु क्रियाशील हुन सकेका छैनन् । यो विषयमा यो आन्दोलन सचेतपूर्वक ध्यान पुर्‍याएर नयाँ माहोल साथ अगाडि जानुपर्छ ।

अर्को लेखापरीक्षणको कुरा आएजस्तो लाग्छ, लेखापरीक्षण भइसकेको छ र त्यसको सार यहाँहरुको फोल्डरमा छ । हामीलाई छ वटा सहयोगी संस्थाले सघाइरहेका छन् । त्यसको विवरण अघि नै हामीले दिइसकेका छौं ।





कर्मचारीलाई २४ घण्टाको श्रम छ भन्ने कुरा उठेको छ, २४ घण्टा त कसैले गरेको छैन होला, यो आन्दोलनमा लागेका धेरैको जीवन नै भूमिअधिकार आन्दोलनमा लागेको पक्कै हो तर कसैलाई पनि काममा कुनै दबाब छैन । खुशीसाथ साथीहरु क्रियाशील हुनुभएको छ, यसलाई यसरी नै बुझ्नु जरुरी छ जस्तो मलाई लाग्छ । अर्को एउटा कार्यक्रम अनुगमन, मूल्याङ्कन, अध्ययन अनुसन्धानको इकाई स्थापित गर्नुपर्‍यो भन्ने कुरा सुझावका रुपमा आएको छ, यसलाई हामीले सायद छिट्टै नै खडा गर्ने छौं ।

यहाँ महत्वपूर्ण सुझाव के आएको छ भने सङ्गठनको काम, परिचालनको काम साथै वैचारिक कामलाई पनि सँगै लगेर जानुपर्दछ, अध्ययन अनुसन्धानको काम पनि सँगै लिएर जानुपर्दछ, नीतिगत पाटो पनि सँगै लिएर जानुपर्छ, यो दुईटै सँगसँगै गयो भनेमात्रै आन्दोलन बलियो हुन्छ र स्रोत पनि त्यहीअनुसार नै बाँडफाँट हुनुपर्दछ भन्ने कुरा आएको छ । यो विषय निकै नै छलफलको विषय हो । हामी यसलाई छलफलको विषय पनि बनाउँछौं । यो गर्नुपर्ने काम हो, जसलाई हामीले एकदमै सकारात्मक ढङ्गले लिएका छौं किनभने यो एउटामात्रै पाटो र एउटा मात्रै खुट्टा टेकेर यो आन्दोलन बलियो हुन सक्दैन । यसका लागि हामीले सचेत कदम पनि उठाइसकेका छौं ।

केही वैचारिक कुरा आएको छ, जमिन खोसेर बाँड्ने भन्ने कुरा मात्रै अलि बढी छलफलमा आएको भन्ने छ, यो एकदमै सत्य हो तर यो कम हुँदै पनि गएकाले हामीले अध्ययन, प्रकाशन, छलफल र वैचारिक प्रशिक्षण तथा आफ्ना अडानपत्रहरु बढाउँदै गइरहेका छौं । तर यो पुगेको छैन, आम मानिसमा अहिले पनि यो भ्रम छ । यसलाई चिर्न लागि हामी सबैले कोशिश गरिराखेका छौं । अझ हामी कोशिश गर्ने छौं । अहिलेको जुन सामुदायिक भूमिसुधारको मोडलको प्रयास गरिराखेका छौं र अध्ययनलाई अलि बढाइराखेका छौं, यो त्यसैको पाटोभित्र छ । अर्को, वन र भूमि आन्दोलनबीच अलिअलि कहिलेकाहीं असमझदारी देखिन्छ भन्ने कुरा छ, यो नेतृत्व तहमा समस्या छैन, बुझाई तहमा समस्या छैन । आन्दोलनको बीचमा फिल्डमा केही

समस्या निश्चितरुपमा छ, यसलाई टार्नका लागि सँगै काम गर्नुपर्छ, छलफलले मात्र पुग्दैन भन्ने लागिरहेको छ ।

आन्दोलनभित्र विकृति पस्ला, विसङ्गति आउला, ठूलो हुँदै गयो, चुनौती बढ्ला, होसियार हुनुहोस् भन्ने कुरा आएको छ । यो एकदमै राम्रो हो । यसलाई हामी आफैं पनि कहिलेकाहीँ निकै आलोचनात्मक भएर हेर्छौं । यहाँहरुले अहिलेमात्र होइन, बेलाबेलामा जहाँजहाँ भेटेर फोनमा, इमेलमा जसरी हुन्छ, गाली गर्न छोड्नु हुन्न भन्ने हामीलाई लागेको छ । होइन भने बाटो छोड्न सक्ने खतरा रहन्छ । यो आन्दोलनमा हामीले एउटा फरक प्रयास गर्दै आइरहेका छौं । यो धेरै राम्रो भएको पनि छ धेरै समस्या, जटिलता पनि बढ्दैछन् । एउटा कुरा असाध्यै धेरै गर्न नसके पनि हामी इमानदार प्रयत्न गर्न सक्छौं भन्ने विश्वास दिलाउन चाहन्छौं ।

अन्त्यमा, यो कार्यक्रममा विभिन्न जिल्लाबाट वर्षातसँग जुध्दै आउनुभएका विभिन्न सङ्गठनका साथी, अगुवा, अभियानकर्ता, सहयोगी संस्थाका साथी, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका सबै साथी, सहयोगी संस्थाका पदाधिकारी, प्रतिनिधि, सरकारी तथा गैरसरकारी निकायका आमन्त्रित विशिष्ठ व्यक्ति, सञ्चारकर्मी सबैको यो आन्दोलनमा जुन किसिमको योगदान छ, यो निरन्तर रहोस् । र, आजको उपस्थितिका लागि पनि धन्यवाद दिन चाहन्छु । हामीले हिजो सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको साधारणसभा सम्पन्न गर्‍यौं, आज हामीले सामाजिक लेखाजोखा गर्‍यौं ।

अब यसपछि हाम्रो आन्दोलनलाई सहयोग गर्दै आउनुभएका मित्रहरु, पाहुनाहरु, विशिष्ट व्यक्तित्वहरुलाई हामीले आमन्त्रण गरेका छौं । हामी यसपछि अब अनौपचारिक छलफलमा जान्छौं र यसबीचमा पनि विभिन्न छलफल गर्न सकिने कुरा गरौं । यसपछिको अनौपचारिक कार्यक्रममा यहाँहरु सबैको सहभागिताका लागि हार्दिक अनुरोध गर्दै यो सामाजिक लेखाजोखा यहीँ अन्त्य भएको जानकारी दिन चाहन्छु ।

■■





*अनुसूची : १*

## आर्थिक प्रतिवेदन
## आ.व. २०६५/६६ (१६ जुलाई २००८ देखि १५ जुलाई २००९)

१. परियोजनाअन्तर्गत प्राप्त आम्दानी र खर्चको अवस्था :

| **सहयोगी संस्था** | **गत वर्षको आउन बाँकी मौज्दात** | **प्राप्त रकम रु.** | **खर्च रकम रु.** | **मौज्दात रकम रु.** |
|---|---|---|---|---|
| बास्केट फण्ड (Basket Fund ) | | १६,४१६,८४९.२४ | १०,१३०,१०९.५३ | ६,२८६,७३९.७१ |
| अन्तर्राष्ट्रिय भूमि सञ्जाल ILC | | ३,४६१,५५१.५० | २,५६५,९८७.०० | ८९५,५६४.५० |
| एम.एस. नेपाल MS Nepal* | | २,२१६,०३६.०० | २,२१६,०३६.०० | ०.०० |
| एक्सनएड नेपाल Actionaid Nepal* | | २,३४६,३६६.०० | २,३४६,३६६.०० | ०.०० |
| डानिडा हुगो/आरडिआइएफ Danida,HUGOU/RDIF* | | ७,७६३,९९९.०० | ७,७६३,९९९.०० | ०.०० |
| पाम्स, एन.सि.सि.आर Pams, NCCR | (२०३,६१०.६०) | ५६३,६१०.६० | ३६०,०००.०० | ०.०० |
| अक्सफाम जी.बी. Oxfam GB* | | २,२००,६०७.०० | २,२००,६०७.०० | ०.०० |
| **जम्मा** | (२०३,६१०.६०) | **३४,९६९,०१९.३४** | **२७,५८३,१०४.५३** | ७,१८२,३०४.२१ |

८ रणनीतिक साझेदार ९ बास्केट फण्ड ० अन्तर्गत कारोबार सुरु भएको हुँदा पुरानो सहमतिअन्तर्गतको खर्च र बाँकी रकम शोधभर्ना भएको हुँदा मौज्दात रकम शून्य भएको ।

## जम्मा वार्षिक खर्च

| कार्यक्रम खर्च | व्यवस्थापन तथा प्रशासनिक खर्च | जम्मा खर्च |
|---|---|---|
| २२,३४२,३१५.०० | ५,२४०,७८९.५३ | २७,५८३,१०४.५३ |
| ८१% | १९% | १००% |

| कार्यक्रम खर्चको मुख्य शीर्षक | खर्च रकम रु. | व्यवस्थापन तथा प्रशासनिक खर्चको मुख्य शीर्षक | खर्च रकम रु. |
|---|---|---|---|
| जनसङ्गठन सुदृढीकरण र परिचालन | ४,३८०,९८१.०० | कर्मचारी तलव | २,३९९,५५७.०० |
| अगुवा, अभियानकर्ता क्षमता अभिवृद्धि र सहयोग | ४,५४७,२७९.०० | यातायात | ५८१,९२६.०० |
| स्रोत संस्था परिचालन | ३,०९८,६८५.०० | भ्रमण र बास खर्च | १५८,८९०.०० |
| अभियान सञ्चालन | २,८५९,६४६.०० | कार्यालय व्यवस्थापन | १,८४०,०६२.५३ |
| नीतिगत बहस, पैरवी | १,०८३,२३२.०० | अन्य (स्टेसनरी, सञ्चार आदि) | २६०,३५४.०० |
| अध्ययन, अनुसन्धान र प्रकाशन | ३,२०५,६६०.०० | | |
| अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा सञ्जाल निर्माण तथा सम्मेलन | २,०६९,६७५.०० | | |
| अध्ययन भ्रमण (भियतनाम भ्रमण) | १,०९७,१५७.०० | | |
| **जम्मा** | **२२,३४२,३१५.००** | **जम्मा** | **५,२४०,७८९.५३** |





## संस्थागत अवस्था
## १. आम्दानी (आर्थिक वर्ष २०६५/६६)

| क्र.स. | विवरण | रकम | रकम रु. |
|---|---|---|---|
| १ | **गत वर्षको र हालसम्मको संस्थागत कोष लेखापरीक्षण प्रतिवेदनअनुसार** | | ११,५७०,५०३.७० |
| २ | **ओभरहेड आम्दानी** | **५५५,४५०.००** | |
| २.१ | डानिडा हुगो/आर.डि.आइ.एफ. | ३४९,२३४.०० | |
| २.२ | अन्तर्राष्ट्रिय भूमि सञ्जाल ILC | २०६,२१६.०० | |
| ३ | **प्रोजेक्ट सर्भिसबाट आम्दानी** | **८९७,५९५.००** | |
| ४ | **कार्यक्रम सम्पन्न भई बाँकी रहेको रकम फिर्ता गर्नु नपर्ने** | **६५२,८८३.५३** | |
| ५ | **सदस्यता शुल्क** | **५,७५०.००** | |
| ५.१ | सदस्यता **नवीकरण** शुल्क | ५,७५०.०० | |
| ५.२ | सदस्यता प्रवेश शुल्क | | |
| ६ | **ब्याङ्क ब्यालेन्सबाट आएको ब्याज** | **४९,७०७.८७** | |
| ७ | **स्रोत केन्द्रबाट आएको आम्दानी (बास, हल, अफिस भाडा आदि)** | **३८६,९२०.००** | |
| ८ | **विविध आम्दानी, पुस्तक तथा डकुमेन्ट्री बिक्री, पत्रिका बिक्री, हवाई टिकेट कमिसन आदि** | **१४७,८८८.००** | |
| ८.१ | पुस्तक तथा प्रतिवेदन बिक्री | २६,३१४.०० | |
| ८.२ | बीमा कम्पनीबाट आम्दानी | १,९६२.०० | |
| ८.३ | हवाई टिकेट कमिशन (रिजेन्सी ट्राभल) | ७७,३३२.०० | |
| ८.४ | छापाखाना प्रेस आदि | २५,०००.०० | |
| ८.५ | पुराना पत्रिका बिक्री तथा व्यक्तिगत सहयोग | १७,२८०.०० | |
| | **जम्मा आम्दानी (आ.व. २०६५/६६)** | **२,६९६,१९४.००** | **२,६९६,१९४.४०** |
| (क) | **जम्मा कोष (हालसम्मको)** | | **१४,२६६,६९८.१०** |

## २. खर्च (आर्थिक वर्ष २०६५/६६)

| क्र.सं. | विवरण | रकम रु. |
| --- | --- | --- |
| १ | संस्था नवीकरण खर्च | २,४४५.०० |
| २ | कर्मचारी तलव | १६०,७९६.०० |
| ३ | लेखापरीक्षण खर्च | ६०,०००.०० |
| ४ | पुस्तक लेखन खर्च (NCCR) | ४३७,०९२.०० |
| ५ | कार्यालय व्यवस्थापन, यातायात सञ्चार, आवास क्षेत्र व्यवस्थापन | २५,७७२.०० |
| ६ | इन्सुरेन्स प्रिमियम (भूमिघर) | १५,२७४.०० |
| ७ | सम्पत्ति कर र नवीकरण खर्च | ४,५०५.०० |
| ८ | ऋणको ब्याज (घर खरिदमा) | १८२,७१४.१८ |
| ९ | ह्रास खर्च (सम्पत्ति) | २५८,४१४.०५ |
| १० | राष्ट्रिय भूमिअधिकार मञ्च नेपालको सम्मेलन खर्च | ४८,८९०.०० |
| **(ख)** | **जम्मा खर्च** | **१,१९५,९०२.२३** |
| **बाँकी मौज्दात रकम (क(ख)** | | **१३,०७०,७९५.८७** |

| मौज्दात विवरण (कहाँ, के, कस्तो अवस्थामा छ ) | रकम रु. |
| --- | --- |
| नगद मौज्दात | ६,४८२.०० |
| ब्याङ्क मौज्दात | १,१७३,९०८.५४ |
| सम्पत्ति (घर, जग्गा, मोटरसाइकल, फर्निचर, कम्प्युटर, फोटोकपी तथा अन्य साधन) | १३,७५२,०५८.५२ |
| पेश्की (बालसुन्दर देउजा) | ३५,०००.०० |
| लेखापरीक्षण शुल्क (तिर्न बाँकी) | (५०,०००.००) |
| ऋण (घर) (नेपाल इन्भेष्टमेन्ट ब्याङ्क) | (१,८४६,६५३.१९ |
| **जम्मा** | **१,३७०,७९५.८७** |

## सहयात्री संस्थामार्फत् उपयोग गरिएको बजेट विवरण : (आर्थिक वर्ष २०६५/६६)

| क्र.सं. | संस्था र सङ्गठनको नाम | बजेट रकम रु. |
| --- | --- | --- |
| १ | राष्ट्रिय भूमिअधिकार मञ्च | ९१९,०४८.०० |
| २ | अभियान नेपाल, सुनसरी | ९५१,८११.०० |
| ३. | जनचेतना दलित सङ्गम, सप्तरी | १,०७४,३००.०० |





| | | |
| --- | --- | --- |
| ४. | सामाजिक विकास तथा अनुसन्धान केन्द्र, बाँके | १,४२३,२२०.०० |
| ५. | समाज कल्याण (स्वान, नेपाल) दाङ | ८६७,७९९.०० |
| ६. | ग्रामीण विकास समाज, सिन्धुपाल्चोक | ३०५,२४५.०० |
| ७. | सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च, सिपापोखरे | २६८२६४.०० |
| ८. | किसान अधिकारका लागि सहयोगी समूह, सिन्धुपाल्चोक | ४४,५६६.०० |
| ९ | स्रोत केन्द्र १ डडेल्धुरा | ६८६,२५०.०० |
| १० | श्रोत केन्द्र ६ महोत्तरी, बर्दिबास | ६४४,५००.०० |
| ११ | जिल्ला भूमिअधिकार मञ्च, रसुवा | ३६,५००.०० |
| १२ | जिल्ला भूमिअधिकार मञ्च, पर्वत | ८२,४००.०० |
| १३ | जिल्ला भूमिअधिकार मञ्च, रुपन्देही | २७,०००.०० |
| १४ | जिल्ला भूमिअधिकार मञ्च, नवलपरासी | १७,०००.०० |
| १५ | जिल्ला भूमिअधिकार मञ्च, सिन्धुपाल्चोक | ३७,५००.०० |
| १६ | ग्रामीण महिला उत्थान केन्द्र, दाङ | १४९,२००.०० |
| १७ | जिल्ला भूमिअधिकार मञ्च, दाङ | ३०६,६६८.०० |
| १८ | अधिकारमुखी अभियान केन्द्र, बर्दिया | २७३,२३४.०० |
| १९ | राष्ट्रिय दलित नेटवर्क, डडेलधुरा | १६६,३१३.०० |
| २०. | राष्ट्रिय दलित नेटवर्क, बैतडी | २१६,५५५.०० |
| २१. | जिल्ला भूमिअधिकार मञ्च, कैलाली | ४८,००० .०० |
| २२. | जिल्ला भूमिअधिकार मञ्च, कञ्चनपुर | ४७,९२८ .०० |
| २३. | जिल्ला भूमिअधिकार मञ्च, बारा | २८,८५०.०० |
| २४ | जिल्ला भूमिअधिकार मञ्च, मकवानपुर | २९,०००.०० |
| २५ | जिल्ला भूमिअधिकार मञ्च, महोत्तरी | १६५,७४१.०० |
| २६ | राष्ट्रिय भूमिअधिकार सरोकार समूह | ९०,०००.०० |
| २७ | दलित संरक्षण अभियान मञ्च, सिरहा | २४७,५००.०० |
| २८ | नेपाल चेपाङ सङ्घ, चितवन | ९५,०००.०० |
| २९ | भूमिअधिकार कार्यक्रम सुर्खेत, दैलेख | ३९५,५९०.०० |
| ३० | KIDC, कपिलवस्तु | ३३,५५०.०० |
| ३१ | KAMASU, बर्दिया | ५०,०००.०० |
| | **जम्मा** | **९७,२८५,३२.००** |

■■

*अनुसूची : २*

## सामाजिक लेखाजोखाबारे हाम्रो बुझाइ

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (आत्मनिर्भर केन्द्र) ले अधिकारबिहीन गरिब जनतालाई सङ्गठित गर्दै शान्तिपूर्ण तरिकाबाट भूमिमाथिको अधिकार दाबी गर्न र त्यसका लागि आवश्यक नीति निर्माण र कार्यान्वयनका लागि वकालत गर्दै आइरहेको छ । आत्मनिर्भर केन्द्र सामाजिक संस्था भएकाले यसका गतिविधि पारदर्शी हुन र यसका कामबाट सृजित नतिजाबारे भूमिअधिकारबाट वञ्चितहरु, सरकारी निकाय तथा अन्य सरोकारावालाप्रति जवाफदेही हुनु जरुरी छ । आत्मनिर्भर केन्द्रले आफ्नो संस्थागत पारदर्शिता, जवाफदेहिता प्रवर्द्धन गर्न र आफ्ना कामलाई सम्बन्धित सरोकारवालाको दृष्टिकोणबाट मूल्याङ्कन गराई त्यसबाट प्राप्त सल्लाह तथा सुझावका आधारमा संस्थाको कामको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न सामाजिक लेखाजोखा गर्ने गर्दछ ।

आत्मनिर्भर केन्द्रले आफ्ना गतिविधि र आर्थिक स्रोतलाई योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन प्रक्रियामा पारदर्शी र सहभागीमूलक बनाउने प्रयास गर्दै आएको छ । हरेक वर्षको योजना तथा बजेट तयार पार्नुपूर्व र पछि विभिन्न तहमा छलफल र जानकारी आदान-प्रदान गर्ने गरिन्छ । हरेक कार्यक्रम गर्नुपूर्व अनुमानित खर्चको योजना गरिन्छ र कार्यक्रम समाप्तिपछि कार्यक्रमस्थलमै खर्चको अवस्थाबारे जानकारी गराउने गरिन्छ । जिल्ला तहमा गरिने आन्दोलनका लागि आवश्यक र उपलब्ध स्रोत विवरण कार्यालयमै चार्टमा लेखेर टाँस्ने सुरुवात् गरिएको छ । भूमिअधिकार आन्दोलनमा समुदाय तहबाट जुटाइएको स्रोत साधनको विवरण पनि अभिलेखन गरिन्छ । संस्थाको नीतिगत विषय, कार्यक्रम तथा वित्तीय साधन परिचालनबारे वर्षभर नै नियमितरुपमा राष्ट्रिय भूमिअधिकार मञ्च, सहयात्री संस्था र आफ्नै जनशक्तिमार्फत् विभिन्न माध्यमबाट अधिकारग्रही समुदाय र सरोकारवालालाई जानकारी गराइन्छ ।





माथि उल्लेखित सूचना प्रवाहको आधारमा आत्मनिर्भर केन्द्रले वर्षको एक पटक राष्ट्रियस्तरमा सामाजिक लेखाजोखा गर्ने गर्दछ । यो जिल्ला तथा स्थानीय तहमा भएका सामाजिक लेखापरीक्षणको जोड हो । सहयात्री संस्थाहरुले क्षेत्रीय र जिल्ला तहमा अनि जिल्ला सङ्गठनहरुले जिल्ला तहमा यस प्रक्रियालाई अपनाउँदै आएका छन् । सामाजिक लेखाजोखामा भूमिअधिकार आन्दोलनमा संलग्न भूमिहीन तथा किसान, भूमिअधिकार कार्यकर्ता, राष्ट्रिय भूमिअधिकार मञ्चका अगुवा, सरकारी अधिकारी, सञ्चारकर्मी, सहयोगी तथा सहयात्री संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका व्यक्ति, आत्मनिर्भर केन्द्रका सदस्य, पदाधिकारी र सबै कर्मचारी तथा इच्छुक व्यक्तिको सहभागिता रहन्छ ।

सामाजिक लेखाजोखामा आत्मनिर्भर केन्द्रको नीति, नियम र प्रक्रिया, त्यस अवधिमा सञ्चालित गतिविधि र त्यसको परिणाम वा त्यसले जनताको जीवनमा पारेको प्रभाव, सो कामका लागि गरिएको खर्च र त्यसका स्रोत, संस्थाले गर्न सकेका वा हासिल गर्न नसकेका कुरा र वर्षभरि काम गर्ने दौरानमा भोगेका चुनौती तथा सिकाइ उपस्थित सबैलाई संक्षेपमा जानकारी गराइन्छ ।

सामाजिक लेखाजोखामा उपस्थित सहभागीले आत्मनिर्भर केन्द्रबारे प्राप्त सूचना, आफ्ना बुझाई तथा दृष्टिकोणका आधारमा आत्मनिर्भर केन्द्र र भूमिअधिकार आन्दोलनको संस्थागत, कार्यक्रमगत र वित्तीय स्रोत साधन परिचालनका सम्बन्धमा सवल पक्ष तथा सुधार गर्नुपर्ने पक्षबारे आलोचनात्मक समीक्षा गरी आवश्यक सुझाव र सल्लाह दिन्छन् । सरकारी निकाय, नागरिक समाज, राजनीतिक दल तथा पीडित समुदायको फरक आँखाबाट आएका सुझाव संस्था र आन्दोलनका लागि निकै उपयोगी हुन्छन् । हाम्रो अनुभवमा जसले हाम्रो संस्था र भूमिअधिकार आन्दोलनलाई नजिकबाट हेरिरहेका छन् वा साथ र सहयोग दिंदै आएका छन्, उनीहरुले उपयोगी सल्लाह तथा सुझाव दिन सक्छन् । सामाजिक लेखाजोखाको प्रक्रियाबाट प्राप्त सुझाव र सल्लाहलाई संस्थाको नीति, कार्यक्षेत्र र स्रोत साधनले भ्याएसम्म कार्यान्वयन गर्ने गर्दछौं । साथै सामाजिक लेखाजोखाका

सहभागीबाट प्राप्त सल्लाह तथा सुझावलाई आगामी दिनमा काम गर्ने सन्दर्भमा मार्गनिर्देशनका रुपमा मनन् गर्ने गर्दछौं ।

सामान्यतया हामी सबैलाई आलोचनात्मक कुरा सुन्ने धैर्य कमै हुन्छ । अरुले राम्रो भनिदिँदा खुशी हुने र नराम्रो भन्दा खिन्न मान्ने परम्परा तोड्दै भूमिअधिकार आन्दोलनको सबै तहमा सहभागीमूलक चिन्तन मनन् प्रकृयालाई नियमित बनाएका छौं । हरेक समीक्षा, छलफल तथा बहसहरुबाट आएका आलोचनात्मक हेराईलाई सकारात्मकरुपमा लिएर अगाडि बढिरहेका छौं ।

हामीले गत वर्षदेखि नेपाली आर्थिक वर्षलाई आधार मानेर सामाजिक लेखाजोखा गर्दै आएका छौं । गत वर्ष साउन १४ गते सामाजिक लेखाजोखा कार्यक्रम गरिएको थियो ।

भूमिअधिकार आन्दोलन कुन बाटोमा हिँडाउन सकेमा गन्तव्यसम्म पुऱ्याउन सकिन्छ ? हामी सबैको सरोकारको सवाल हो । यसका लागि आत्मनिर्भर केन्द्रले अहिलेभन्दा के/कस्ता नयाँ भूमिका निर्वाह गर्नु जरुरी हुन्छ होला ? आत्मनिर्भर केन्द्र र भूमिअधिकार आन्दोलनलाई मार्गनिर्देश गर्ने सबै कुरा खुला हृदयले राखिदिनुहुन अनुरोध गर्दछौं । हामी यहाँहरुको सृजनात्मक विचार, सल्लाह र सुझावको अपेक्षा गर्दछौं । लेखाजोखापछि हामी एक समीक्षात्मक प्रतिवेदन तयार पारी सार्वजनिक गर्नेछौं । तपाईंको सल्लाह र सुझावले गरीबहरुको यो भूमिअधिकारको आन्दोलन अझ उचाइमा पुग्ने आशा लिएका छौं ।

■■





*अनुसूची : ३*

## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, सामाजिक लेखाजोखा, २०६६ महसुसीकरण पत्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आफ्नो वार्षिक सामाजिक लेखाजोखा २०६६ भाद्र १४ गते इशानी क्लब, रविभवन काठमाडौंमा गरेको थियो । कार्यक्रममा उठेका सवालमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको महसुसीकरण र कार्ययोजना यसअनुसार छ -

| उठेको सवाल | हाम्रो बुझाई | कार्ययोजना |
|---|---|---|
| वित्तीय व्यवस्थापनको स्तर अन्तर्राष्ट्रिय मापदण्डअनुरुप हुनुपर्ने प्रस्तुतिमा अलि विस्तृत विवरण चाहियो | हाम्रो वित्तीय व्यवस्थापनको स्तर राम्रो छ । तर अन्तर्राष्ट्रियस्तरको छ, केही पनि सुधार आवश्यक छैन भन्ने हैन । मूलतः जिल्ला तहमा उपयोग हुने बजेट र सोको लेखा उन्नत बनाउन अझै बाँकी छ । प्रस्तुतिमा अझै मसिनो आउनुपर्ने कुरा हामी स्वीकार्छौं । पूरै लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्न असम्भव भए पनि थप मसिनो बनाउने कुरा उचित लाग्यो । | आगामी सामाजिक लेखाजोखामा थप मसिनो प्रस्तुति गरिनेछ । प्रत्येक कार्यक्रमको बजेट र खर्च सम्भव भएसम्म तत्काले सुनाउने क्रमलाई निरन्तरता दिइनेछ । |
| अहिलेको उपलब्धिलाई संरक्षण गर्दै अझै अन्तर्राष्ट्रियस्तरको किसान सङ्गठन तथा | अहिलेको सम्बन्ध र समन्वय सन्तोष गर्न लायक छ । सम्भव भएसम्म किसान आन्दोलनसँग पनि सम्बन्ध विस्तार गर्न प्रयत्न गरिनेछ । अन्तर्राष्ट्रिय तहको अलावा राष्ट्रिय समन्वय र सम्पर्कलाई | यस वर्षभरिमा ब्राजिलको एमएसटी आन्दोलनसँग सम्पर्क स्थापना गर्ने । |

| | | |
|---|---|---|
| आन्दोलनसँग सम्बन्ध विस्तार गर्नुपर्ने, बढाउनुपर्ने | पनि अझै व्यवस्थित गर्न आवश्यक छ । | |
| संस्थागतभन्दा व्यक्तिगत पहिचान बढी भएको | यी कुरा एकापसमा सम्बन्धित हुन् । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संस्थागत पहिचान काफी बढ्दै गएको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमा कार्यरत् कर्मचारीले संस्थागत पहिचानका लागि योगदान गरेका छन् । व्यक्तिको नामको पछाडि मरिहत्ते गर्ने संस्कृति छैन । उदाहरणका लागि कैंयन लेख व्यक्तिहरुले लेखे पनि संस्थाको नाममा मात्र छापिएको छ । व्यक्तिलाई जति पहिचान दिनुपर्ने हो, दिइएको छैन । यद्यपि २ जना व्यक्ति बढी देखिएको निश्चित हो । यो उहाँहरुको कामसँगको पनि कुरा हो । केहीको  जीवन नै भूमिअधिकार आन्दोलन बनेको पनि सत्य हो । यसका कर्मचारी दिन/रात संस्थाका लागि क्रियाशील भइरहेका छन् । कामका आधारमा कर्मचारीको पहिचान अझै भएको छैन । | अरु दोस्रो तहको नेतृत्वलाई अगाडि ल्याउन सचेत प्रयास चालिनेछ । |
| राष्ट्रिय भूमिअधिकार मञ्च र | काम प्रष्टसँग छुट्टिएको छैन । यसले कामको जिम्मेवारीबोधमा पनि समस्या | कामको विषयमा छलफल गरी भूमिकालाई अझै |





| | | |
|---|---|---|
| सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको काम विशिष्टीकृत हुनुपर्ने, प्रतिवेदन लेखनमा मिसिएको छ । | भएको छ । यसले गर्दा काम जसले गरेको हो, उसैले दाबी गर्न नसक्ने अवस्था छ र नगर्नेले पनि ब्याज खाइरहेको छ । मञ्च बलियो बन्दै अगाडि बढिरहेको छ । अहिले मञ्च आफैं सबै आन्दोलनको संयोजन र जिम्मेवारी बहस गर्न सक्ने अवस्थामा छैन । यस्तो अवस्था आउनासाथ यी समस्या समाप्त भएर जान्छन् । राष्ट्रिय भूमिअधिकार मञ्चको हरेक गतिविधिमा संस्था, सहयात्री संस्था र कार्यकर्ता सँगै काममा क्रियाशील छन् । हाम्रो अहिलेको उद्देश्य नै मञ्च बलियो बनाउनु हो । मञ्चको प्रगति सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका प्रतिवेदनमा आउनु स्वाभाविक हो । | किटानी गर्ने ।<br><br>३, ३ महिनामा भूमिकाको समीक्षा गर्ने<br><br>प्रतिवेदनको विषयमा मञ्चसँग बसेर छलफल गर्ने । |
| अति गरीब समुदायमा अझै नपुगेको | हामी अति गरीब समुदायमा पुगेका छौं । यो हामीलाई स्वीकार्य छैन । हरुवा-चरुवा, हलिया, कमैया, भूमिहीन किसान, कृषि श्रमिक, मोही आफैंमा सबभन्दा गरीब हुन् । अधिकारग्रही समुदाय र गरीब समुदायसम्म पुग्नु हाम्रो बलियो पक्ष हो । | गरीबहरुमध्ये पनि सबभन्दा गरीब छुट्छन् कि भन्ने विषयमा सचेत छौं । सचेत भइरहन्छौं । |
| आश्वासन दिने, अनि बिर्सने | हामीले कहिल्यै आश्वासन बाँडेका छैनौं । फेरि सबै सोच र योजना पूरा हुन्छन् नै भन्ने पनि छैन । | कसैले कसैलाई आश्वासन नदिने । आफ्नो कुरा प्रष्ट भन्ने । |

| | | |
|---|---|---|
| कर्मचारीलाई धेरै काम छ, २४ सै घण्टा काम गर्नुपर्ने अवस्था छ | ठूलो कार्यक्षेत्र र जटिल कामका कारण कामको बोझ निश्चित बढी छ । काम नगरिकन टिक्ने स्थिति छैन । आन्दोलनमा लागेकाले अरुसँग तुलना गरेर काम बढी भयो भन्नु उपयुक्त हैन । यो संस्था निश्चितरुपमा अरुभन्दा भिन्न छ । कामको गम्भीरताका साथै लचिलोपना पनि काफी छ । | कर्मचारी साथीहरुको काम र भोगाईबारे कम्तिमा अर्धवार्षिकरुपमा समीक्षा गर्ने । |
| संविधानमा भूमिको मुद्दा जति उठाउनुपर्ने हो, उठाउन पुगेन | यो सही हो । भुइँ तहमा यस विषयमा जति काम भए, नीतिगत तहमा र सञ्चार माध्यमसँगको सहकार्य पुगेको छैन । तर यो मुद्दामा हामीले मात्र जिम्मेवारी लिनु पनि अर्को कमजोरी हुन पुग्छ । | यस मुद्दामा हामीले कति गर्न सक्छौं भन्नेबारे स्पष्ट योजना बनाई अहिलेको भन्दा बढी नीतिगत तहमा छलफल बढाउँछौं । यसका लागि, भूमिअधिकार आन्दोलनका तर्फबाट प्रस्ताव सार्वजनिक गर्ने साथै व्यापक बहसमा ल्याउने सभासद, नेता, सञ्चारकर्मी र भूमिअधिकारबाट वञ्चितबीच छलफल र सम्वाद बढाउन सभा एवम् अन्तर्क्रिया गर्ने । विभिन्न व्यक्ति एवम् समूहसँगको भेटलाई तीब्र बनाउने, क्षेत्रीय तहमा छलफल तथा सभालाई निरन्तरता दिने |





| | | |
|---|---|---|
| भूमि आन्दोलनले जमिन खोसेर बाँड्ने भन्ने बुझाईलाई चिर्न सकिरहेको छैन | यो सोचबाट भूमिसुधारको बहस फराकिलो हुँदै गएको छ । यद्यपि यही सोचाईले कतिपय परिस्थितिमा अप्ठेरो पनि छ । यो सोचाई कम गर्न अध्ययन/अनुसन्धानको काम र वकालतीय सामग्रीको उत्पादन आदि बढाइएको छ । हाम्रा भनाई, छलफल पनि योभन्दा धेरै उन्नत र फराकिलो छ । | सामुदायिक भूमिसुधारको अभ्यासलाई प्रभावकारीरुपमा अगाडि बढाउने । बृहत् भूमिमसुधारको खाकाको प्रस्ताव लिखितरुपमा बाहिर ल्याउने । आन्दोलनभित्रका बहस, छलफल र कामलाई अझै बाहिर ल्याउने । |
| वन र भूमि आन्दोलनबीच को विवाद | केही जिल्लामा यो समस्या छ । नेतृत्वको बुझाई र सम्बन्धमा कुनै समस्या छैन तर यस विषयलाई सुल्झाउन तदरुकता पुगेको छैन । | समस्या भएका जिल्लामा आपसी छलफल राख्ने । टोली बनाई छलफलमा जाने र उपयुक्त समाधान निकाल्ने । छलफल र समन्वय बढाउने । |
| सङ्गठन र परिचालनमा मात्र जोड दिएर हुँदैन, अध्ययन, अनुसन्धान, विचार निर्माण आदि पक्षमा स्रोत पुगेको छैन । स्रोत एक पक्षमा मात्र खाँदिएको छ । डोनरले दिने पैसा मिसम्याच | सङ्गठन, परिचालन र ज्ञान निर्माण र उपयोगको पक्ष अथवा तत्वसहितको परिचालन जरुरी छ भनेर नै यो आन्दोलनमा सचेत प्रयास भएको छ । यसका लागि अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि आदि पक्ष पनि जोडतोडका साथ अगाडि बढाइएको छ । हालसम्म भएका प्रयासको आदान-प्रदान नपुगेकाले पनि सङ्गठन र परिचालनमा मात्र काम भयो कि भन्ने भएको छ तर यस आन्दोलनमा विचार | सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको जुन कुरामा अनुभव छ, त्यही विषयमा अझै कामलाई प्रभावकारी बनाउँदै जाने । सबै काम सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र यसका सहयात्रीले मात्र गरेर सम्भव छैन । आन्दोलनमा यस्तो हुँदा पनि हुँदैन । आन्दोलनको तर्फबाट कुन काम कसले गर्दा |

| | | |
|---|---|---|
| भयो । | निर्माण, ज्ञान निर्माण आदि पक्ष पनि सँगै लिएर गइएको छ । तर यो पर्याप्त छैन । यो पनि सत्य हो कि यी सबै कुरा कुनै एक वा दुई संस्थाले मात्र गर्छु भन्नु पनि अर्को भुल हुनेछ । त्यसैले कामको बाँडफाँट हुन जरुरी छ । | राम्रो हुन्छ, उसैले गर्ने तर आन्दोलनमा सबैले योगदान गर्ने हो । यसलाई सचेतपूर्वक लिइनेछ । गर्न नसक्ने काम ओगटेर बसिने छैन । |
| आन्दोलनको विकृति र विङ्गति हेर्ने | यस विषयमा निरन्तर आलोचनात्मक संस्कृतिलाई अगाडि बढाइएको छ । आन्दोलनका गल्ती, कमजोरी र अवसरलाई सुक्ष्म ढङ्गले हेर्न आवश्यक छ । | यस विषयमा सचेत होइनेछ । समीक्षाहरुलाई बढी आलोचनात्मक बनाइनेछ । |
| आन्दोलनबीचमा विविध विचार आइरहेका होलान्, एकता नटुटोस् । | आन्दोलनमा विभिन्न विचार, रणनीति, सोच आइरहेका छन् । यस्ता विषयले कतिपय समयमा अन्तर्विरोध पनि देखिन्छन् । यस्ता सोचाइमा पर्याप्त छलफल पुगेको छैन । | विविध विचार र सोचलाई छलफलका लागि स्थान दिने र उपयुक्त सोचलाई आम सहमतिका माध्यमबाट कार्यान्वयनमा ल्याउने । |
| कार्यक्रम अनुगमन तथा मूल्याङ्कन टिम चाहियो | यो टिम स्थापना गर्ने विषयमा छलफल भइरहेको छ । यस्तो टिम जरुरी देखिन्छ । | सामाजिक लेखाजोखा भएको मितिले ६ महिनाभित्र यो ईकाइ स्थापना गर्ने । |
| कार्यक्षेत्र नबढाउने, काम पातलिएर गुणस्तर घटला कि ? | कार्यक्षेत्र अहिले नै सम्हाली नसक्नुको भएको छ । योभन्दा बढाइने छैन । | कार्यक्षेत्र नबढाउने । अहिलेको कार्यक्षेत्रमा जिम्मेवारी पनि क्रमशः बाँड्दै र स्थानीय संस्था र सङ्गठनलाई स्थापित गर्दै जाने । |

■■





*अनुसूची : ४*

## सहभागी

| क्र.सं. | नाम थर | संस्था/सङ्गठन | फोन नं. |
|---|---|---|---|
| १ | पार्वती बस्नेत | ओरेक नेपाल | ५००६२७३ |
| २ | ठकन राम | जनचेतना दलित सङ्गम | |
| ३ | रामसुरत रैदास | सि.एस.डि.आर | ०८१-५२६४३० |
| ४ | बृज मोहन | भूमिअधिकार मञ्च | |
| ५ | स्यानी चौधरी | भूमिअधिकार मञ्च | |
| ६ | कृष्ण पाठक | एक्सनएड नेपाल | ९८५१०७२२९४ |
| ७ | तिलकराम मङ्गराती | अभियान नेपाल | ९८५२६६५९३६ |
| ८ | चन्द्रश्री सदा | श्री संन्यासी भूमि मञ्च | |
| ९ | बिलो सदाइ | सन्तोषी भूमिअधिकार मञ्च | |
| १० | सुमित्रा माझी | भूमिअधिकार मञ्च, सुनसरी | ९७४२०१९५३१ |
| ११ | मनोज चौधरी | भूमिअधिकार मञ्च, सुनसरी | ९७४२०१५४५५ |
| १२ | सीता थापा मगर | भूमिअधिकार मञ्च, कञ्चनपुर | |
| १३ | सुकदेव चौधरी | मोही किसान, दाङ | |
| १४ | हेमबहादुर बिष्ट | नेपाल एफ.एम ९१.८ | ९८५१०३११६४ |
| १५ | कल्पना कार्की | सि.एस.आर.सि | ४३६०४८६ |
| १६ | मायादेवी फौदार | भूमिअधिकार मञ्च | ९८४१४२७६० |
| १७ | यदुलाल श्रेष्ठ | एल.डब्लु.एफ नेपाल | ९८५१०१६५२४ |
| १८ | रामकली ठाकुर | जि.भू.अ.मं. धनुषा | |
| १९ | भीमसेन बस्नेत | सि.एस.आर.सी. | ९७४११६७०६२ |
| २० | लादेन घिसिङ | जि.भू.अ.मं. | |
| २१ | तारा घिमिरे | द्वन्द्वपीडित | ९८४४०४३७५९ |
| २२ | गनबहादुर गासारी | जि.भू.अ.मं. | |
| २३ | खिलप्रसाद आचार्य | जि.भू.अ.मं. | |

| | | | |
|---|---|---|---|
| २४ | लीला बि.क | जि.भू.अ.मं., दाङ | |
| २५ | दुर्गा बि.क | रा.भू.अ.मं. | |
| २६ | गुममाया थापा | | ९८४५२१८८७५ |
| २७ | विमला गजुरेल | किसान अधिकारका लागि सहयोगी समूह | ९७४११५९९१२ |
| २८ | गणेशप्रसाद राम | आत्मनिर्भर केन्द्र | ९८४२८८०९८६ |
| २९ | असरफ हुसेन | आत्मनिर्भर केन्द | ९८५१०३०९८० |
| ३० | करिना केलभेन | डेनमार्क | |
| ३१ | रोशन पोखरेल | सि.एस.जि.एस | ९८४१८०८४६४ |
| ३२ | नरीराम लोहार | आत्मनिर्भर केन्द्र | ९७४११२०२०६ |
| ३३ | लक्ष्मणसिंह बि.क. | शिवशक्ति भू.अ.मं. | |
| ३४ | जगवीर चौधरी | स्वान | ९८४७८२९५८६ |
| ३५ | करुणा अमात्य | अक्सफाम | ५५३९१७१ |
| ३६ | हरिप्रसाद पुडासैनी | लेखापरिक्षक | ४२२८३५२ |
| ३७ | माधवप्रसाद सिग्देल | भ्याइस अफ युथ एफ एम | ९८५१०१४८७३ |
| ३८ | मुक्तिराम पोखरेल | सि.आर.सि.डि नेपाल | ९८४७०२६०३२ |
| ३९ | सुरक्षा मानन्धर | द हिमालय टाइम्स | ९८४९०७८४०७ |
| ४० | सुशीला जोशी | एन.ए.एफ. | ४६००३४३ |
| ४१ | गङ्गा ऋषिदेव | अभियान नेपाल | ९८४२०८०५७५ |
| ४२ | गोविन्दप्रसाद सापकोटा | सि.डि.इ.सि.एफ. | ९८५१०९७१७४ |
| ४३ | आशाराम चौधरी | स्वान | ९७४११०७१२१ |
| ४४ | सुस्मीता शर्मा | इन्सेक | ९८४१५५०५३१ |
| ४५ | गुञ्ज खड्का | आत्मनिर्भर केन्द्र | ९७४४०१८९५५ |
| ४६ | भोजमान चौधरी | आत्मनिर्भर केन्द्र | ९८४९२१३४२१ |
| ४७ | कला राई | डि.आर एस.पि, एस.डि.सि | ९८४१२६५१६६ |
| ४८ | नन्द कन्दङ्वा | एक्सन एड नेपाल | ९८०५०५८७८५ |
| ४९ | सोम सापकोटा | गैरसस जिल्ला महासङ्घ, सिन्धुपाल्चोक | |
| ५० | नेत्र तिम्सिना | गैसस महासङ्घ | ९८५१००६६३३ |
| ५१ | लालमणि भण्डारी | आत्मनिर्भर केन्द्र | ९८४४०२०६६३ |





| | | | |
|---|---|---|---|
| ५२ | शशिकला दाहाल | आत्मनिर्भर केन्द्र | ९८४४०३४०५६ |
| ५३ | रेणुका पौडेल | आत्मनिर्भर केन्द्र | ९८५१०७५५०१ |
| ५४ | बालकृष्ण शर्मा | मिडिया कन्सर्न | ९८५१०७५५०१ |
| ५५ | सन्देश हमाल | केयर नेपाल | ५५२२८०० |
| ५६ | विष्णु पोखरेल | सि.एस.डि.आर. | ९८४८०२३१४० |
| ५७ | राजु कैनी | आर.डि.एन | ९८४८७६६२८ |
| ५८ | शुभराज चौधरी | आत्मनिर्भर केन्द्र | ९८४१५७५६३६ |
| ५९ | ज्योति सासंकर | आत्मनिर्भर केन्द्र | ४३६०४८६ |
| ६० | सरिता लुइँटेल | आत्मनिर्भर केन्द्र | ४३६०४८६ |
| ६१ | सीमा रजौरिया | यु.एन.डि.पी. | ५५२३२०० |
| ६२ | यमुना खत्री | हिमवन्ती नेपाल | ५५३६२४५ |
| ६३ | गुञ्ज पौडेल | एम.एस. नेपाल | ९८४१३३६६१० |
| ६४ | डा. विष्णु उप्रेती | एन.सि.सि.आर. | ९८५१०७५४४८ |
| ६५ | यमुना घले | एस.डि.सि. | ९८५१०६५७३८ |
| ६६ | मुकुन्द कट्टेल | डानिडा हुगो | ९८५१०१५८०२ |
| ६७ | लार्स पी. क्रिस्टेनसन | डानिडा हुगो | |
| ६८ | गीता पण्डित | आत्मनिर्भर केन्द्र | ४३६०४८६ |
| ६९ | ज्ञानेन्द्र शर्मा | मिडिया कन्सर्न | ९८४१२६२६०० |
| ७० | पुष्कर आचार्य | आत्मनिर्भर केन्द्र | |
| ७१ | सरिता बोहरा | ओरेक नेपाल | ९८४८०४६०५६ |
| ७२ | डा. केशव खड्का | ए.एन.पी.एफ.ए. | ९८५१०४६८४५ |
| ७३ | राधा चापागाईं | आत्मनिर्भर केन्द्र | ९८०६९२०१४९ |
| ७४ | कुमार थापा | आत्मनिर्भर केन्द्र | ९८४१२२४२४१ |
| ७५ | सोमप्रसाद भण्डारी | रा.भू.अ.मञ्च | ९७४१०१२६५४ |
| ७६ | राधा वाइबा | आत्मनिर्भर केन्द्र | ९८०३३४५२२९ |
| ७७ | शम्भु सापकोटा | आर.डि.एस. | ९८४१९०४३८८ |
| ७८ | रमेश पौडेल | आर.डि.एस. | ९७४११७१४१२ |
| ७९ | सोनी प्रधान | ए.आई.एन. | ९८४१२७०४०३ |
| ८० | मानबहादुर क्षेत्री | आत्मनिर्भर केन्द्र | |
| ८१ | सुबोध प्याकुरेल | इन्सेक | |
| ८२ | जगत देउजा | आत्मनिर्भर केन्द्र | ९८५१०१५१४५ |
| ८३ | सुनिल महर्जन | नेपाल समाचारपत्र | ९८४१५७८६०४ |
| ८४ | छेवाङ शेर्पा | एस.डब्लु.सि. | ९७५१०००८७१ |
| ८५ | आर जोशी | एस.डब्लु.सि. | |

| | | | |
|---|---|---|---|
| ८६ | रामजी न्यौपाने | सि.सि.ओ. | ४४१५१९३ |
| ८७ | यज्ञविक्रम शाही | इ.एस.पी. | ५५३५०१० |
| ८८ | खेमराज उपाध्याय | एक्सन एड नेपाल | ४४२१३२१ |
| ८९ | उर्मिला उपाध्याय | स्वतन्त्र | ४७८२७०० |
| ९० | विनोद चापागाईं | आत्मनिर्भर केन्द्र | |
| ९१ | मोहन ओड | आर.डि.एन. नेपाल | ९७४९५०९०१५ |
| ९२ | सर्वजीत लामा | शिक्षा समूह | ४४७१२७८ |
| ९३ | विकास के.सी. | नेपाल एफ.एम. | ९८४१२९८९५० |
| ९४ | कृष्ण पौडेल | फरेष्ट एक्सन | ९८५११५५५५५ |
| ९५ | द्रोण पोखरेल | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ९८४१३९४६७२ |
| ९६ | भेषबहादुर कार्की | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ९८४१३४३४०५ |
| ९७ | बेगेन्द्र पौडेल | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ९८४१३५०१७८ |
| ९८ | शान्ता चौधरी | सभासद् | ९७४१०५४८८८ |
| ९९ | नित्रबहादुर देउजा | एच.आर.डि.सि. | ९८४१३७८८८२ |
| १०० | डोलेन्द्र कट्टेल | मिडिया होम | ९८४१५८८९६७ |
| १०१ | घनश्याम पाण्डे | फेकोफन | |
| १०२ | सम्झना पौडेल | नेपाल एफ एम | ९८४१३३३४७७ |
| १०३ | लक्ष्मी पुन | एन.टी.भि. | ९८४९२८५५७४ |
| १०४ | पूर्णा सुवेदी | उपाध्यक्ष संविधानसभा | ९८४१५०४५२३ |
| १०५ | सञ्जय दाहाल | संविधानसभा सचिवालय | ९८४१३६७९७५ |
| १०६ | डा.चित्रलेखा मासे | ओ.एच.सि.एच.आर | ९८५१०१४८०१ |
| १०७ | डोल्मा तामाङ | सि.पी.एन.(यू.एम.एल) | ९८४१५११३२३ |
| १०८ | शान्ति जिरेल | सि.पी.एन.(यु.एम.एल) | ९७४९०५२२७४ |
| १०९ | भरत राम | स्वतन्त्र | ९८६८०३५२८५ |
| ११० | पुरणसिंह दयाल | सभासद् | ९७४१०९७२७३ |
| १११ | सुभाष कर्माचार्य | नेकपा एमाले | ९७५१००१४७३ |
| ११२ | विन्दा भण्डारी | पार्टनरसिप नेपाल | ९८४१७७९०३२ |
| ११३ | पूर्ण श्रेष्ठ | इन्भीडेफो नेपाल | ९७४११४४५५० |
| ११४ | शिवहरि थापा | पि.एन. नेपाल | ९८४१२६४३४४ |





| | | | |
|---|---|---|---|
| ११५ | श्याम श्रेष्ठ | लो.शा.ना.आ. | ९८४१२९४२५० |
| ११६ | राजाराम छतकुली | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ९८५१०७४२५१ |
| ११७ | हस्त पण्डित | प्र.रा.यु.सङ्घ नेपाल | ९८४१३३२७०० |
| ११८ | ओम ज्योति | प्र.रा.यु.सङ्घ नेपाल | ९८४१९३५५०८ |
| ११९ | कृष्ण थापा | एनजिओ फेडेरेशन अफ नेपाल | ९८५१०१३८२९ |
| १२० | केशव बडाल | नेकपा एमाले | ९८४१४५८०१२ |
| १२१ | भीमप्रसाद गौतम | सभासद | ९८५११०८८९४ |
| १२२ | आदित्यमान श्रेष्ठ | पत्रकार | ४४७०४१९ |
| १२३ | सुरेश ढकाल | त्रिभुवन विश्वविद्यालय | ४४७०७०३ |
| १२४ | डा.चन्द्रकान्त पौडेल | | ९७४११०६९७० |
| १२५ | नारायणप्रसाद शर्मा | पत्रकार स्वयम्भू | |
| १२६ | महेश मास्के | नेपाल हेल्थ रिसर्च काउन्सिल | ४४१६७९४ |
| १२७ | दिनमणी पोखरेल | डेभलपमेन्ट ल एसोसिएट | ९८६१०७६३४७ |
| १२८ | पशुपति चौलागाँइ | सि.पि.एन ( यु.एम.एल) | ९८५११०१०२६ |
| १२९ | गणेश बि.के | एच.एल.आर.सि/आर.डि.एन | ९७४१०४४१८० |
| १३० | हरिबोल गजुरेल | एच.एल.एल.आर.सि | ९८४२०९४६६३ |
| १३१ | बलदेव राम | एच.एल.एल.आर.सि | |
| १३२ | रमा आले मगर | हिमवन्ती नेपाल | ९८४१३४०८०१ |
| १३३ | जगत बस्नेत | आत्मनिर्भर केन्द्र | ४३६०४८६ |

■■■